हेलो सरकारमा गुनासो गरौं,
समस्याको समाधान खोजौं
- सार्वजनिक स्थल वा निकायमा:
- कुनै भेदभाव भएमा,
- सेवा प्राप्तिमा वञ्चित वा अवरोध भएमा,
- सार्वजनिक कार्यबाट नोक्सानी वा कुनै पीरमर्का भएमा हेल्लो सरकारमा सम्पर्क गरौं ।
- हेलो सरकारको निश्शुल्क टेलिफोन नम्बर ११११ तथा सामाजिक सञ्जालमार्फत गुनासो गरी समस्याको समाधान खोजौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० असोज २५ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 October 12 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ५४

## वीरगंजदेखि पथलैयासम्म ११ ठाउँमा बसको चेकजाँच, यात्री र बस व्यवसायीहरू समस्यामा

प्रस, वीरगंज, २४ असोज/

सुरक्षाको नाममा जनपद तथा सशस्त्र सहभागी सशस्त्र प्रहरीहरूलाई खटाएर चेकजाँच शुरू गरेपछि बस यात्रु, चालक, शिक्षालयमा प्रमुखको रूपमा सशस्त्र प्रहरी उपरीक्षक भएर नानीराम हुमागाईं



तस्वीरः प्रतीक

प्रहरीले सवारीसाधन चेकजाँच गर्न थालेपछि यात्रुहरू मारमा परेका छन् ।

जनपद र सशस्त्र प्रहरीले वीरगंज–पथलैया सडकखण्डमा विभिन्न ११ ठाउँमा चेकजाँच गर्न थालेको बस व्यवसायीहरूको आरोप छ। वीरगंजबाट दैनिक नेपालका विभिन्न ठाउँमा जाने दिवा तथा रात्रिबसहरूको आवश्यकताभन्दा बढी चेकजाँच हुँदा यात्रुहरू समस्यामा पर्ने गरेका व्यवसायीहरूको आरोप छ ।

पथलैयामा सशस्त्र प्रहरीले छ वर्षपछि पुनः चेकजाँच शुरू गरेको छ। पथलैयामा सशस्त्र प्रहरीको वाहिनी कार्यालय हुँदा दैनिक चेकजाँच हुन्थ्यो । अहिले त्यहाँ तालीम केन्द्र छ, उनीहरूको छुट्टै कार्य तथा कार्ययोजना रहे तापनि तालीममा व्यवसायीहरूले थप झन्झट बेहोर्नुपरेको छ ।

राज्यले सशस्त्र प्रहरी बललाई राजमार्गमा सवारीसाधन रोकेर चेकजाँच गर्ने अधिकार दिएको छैन । चेकजाँच गर्नुपर्ने भए वा त्यस्ता शङ्कास्पद गतिविधि भएमा जनपद प्रहरीको अगुवाइमा चेकजाँच गर्नुपर्ने व्यवसायीहरूको भनाइ छ। तर कमजोर सरकार, गृह प्रशासन नबुझेका गृहमन्त्री र हामीले जे गरे पनि हुन्छ भन्ने सशस्त्र प्रहरीको सोच तथा अतिरिक्त लाभको उद्देश्यले चेकजाँचको बहानामा दुःख दिइरहेको बस व्यवसायीहरूको आरोप छ ।

पथलैयामा सशस्त्र प्रहरी बलको प्राविधिक शिक्षालय रहेको छ । उक्त आएपछि चेकजाँच गर्न थालिएको बस व्यवसायीको आरोप छ । वीरगंजबाट काठमाडौं हिंडेका बसलाई गण्डक, परवानीपुर, जीतपुर, सिमरा, पथलैयामा जनपद प्रहरी तथा सोही ठाउँहरूमा केही अगाडि–पछाडि सशस्त्र प्रहरीले चेकजाँच गर्न थालेको छ ।

चेकजाँचको नाममा यात्रुहरूलाई ओरालेर चेकजाँच गर्नु गलत भएको चालकहरूको दाबी छ। एकजना चालकले सीमामा सशस्त्र प्रहरी तथा जनपद प्रहरीको कडा सुरक्षा रहेको र वीरगंज बसपार्कबाट प्रहरी चौकी भएर बाहिरिने बसहरूहरूलाई बढी ठाउँमा चेकजाँच गर्नु अनावश्यक दुःख दिने नियत भएको आरोप लगाए ।

## चार दिनदेखि निजगढ नपा सुनसान

प्रस, निजगढ, २४ असोज/

निजगढ नगरपालिका कार्यालयका कर्मचारीहरू निरन्तर चार दिनदेखि आन्दोलित भएपछि नपा कार्यालय सुनसान भएको छ ।

सङ्घीय निजामती सेवा ऐनमा स्थानीय तहमा कार्यरत कर्मचारीहरूको लागि सङ्घीय निजामती सेवा ऐनको साटो एकीकृत निजामती सेवा ऐन जारी गर्नुपर्ने, स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतको पद स्थानीय सेवाको नै रहने व्यवस्था गरिनुपर्ने, निजामतीको परिभाषाभित्र स्थानीय तहका कर्मचारीहरूलाई समेत समेटिनुपर्ने, ७५३ स्थानीय तहमा वैज्ञानिक पूर्वानुमान योग्य चक्रिय प्रणालीमा कर्मचारीहरूको सरुवा गरिनुपर्ने, अस्थायी तथा करार कर्मचारीहरूको उचित व्यवस्था गरिनुपर्नेलगायतका माग राख्दै देशव्यापीरूपमा स्थानीय तहका कर्मचारीहरू आन्दोलित भएपछि निजगढ नपाका कर्मचारीहरू गत आइतवारदेखि आन्दोलनमा सहभागी छन् ।

आइतवार दिनभरि पेन डाउन गरी निजगढ नपामा आन्दोलित भएपछि सोमवारदेखि सङ्घीय राजधानी काठमाडौं केन्द्रित आन्दोलनमा होमिएको निजगढ नपाका सूचना अधिकारी रविन घिमिरेले जानकारी दिंदै सङ्घीय सरकारले आन्दोलित कर्मचारीहरूको मागलाई आजसम्म पनि सुनुवाइ नगरेको





तस्वीरः प्रतीक

बताए ।

आन्दोलित कर्मचारीहरूको मागलाई दबाउन सरकारले बल प्रयोग गर्न लगाइ केही कर्मचारीहरू घाइते भएका उनले जानकारी दिए ।

देशभरका स्थानीय तहमा कार्यरत हजारौं कर्मचारीहरूलाई प्रहरीले बल प्रयोग गर्दा तीन दर्जन कर्मचारी घाइते भएका उनले बताए। निर्णायक आन्दोलन गर्ने केन्द्रीय सङ्घर्ष समितिको आह्वान अनुसार आफूहरू आन्दोलनलाई थप उचाइमा पुऱ्याउन काठमाडौं केन्द्रित भएको निनपाका सूचना अधिकारी घिमिरेले बताए। उनले माग पूरा नभए सशक्तरूपमा आन्दोलन जारी रहने जानकारी दिए ।

स्थानीय तहका कर्मचारीहरू आफ्ना माग राख्दै आन्दोलनमा उत्रिएपछि निजगढ नपासहित बाराका कलैया उपमहानगरपालिका, जीतपुरसिमरा उपमहानगरपालिका गरी १६ स्थानीय तह र वडा कार्यालयको दैनिक कामकाज बन्द भएको छ । नागरिकताको सिफारिश, जन्मदर्ता, मृत्युदर्ता, राष्ट्रिय परिचयपत्र बनाउनेलगायतका सम्पूर्ण कार्य पूर्णरूपमा प्रभावित भएका छन्। स्थानीय तहका कर्मचारीहरूका जायज मागलाई बेलैमा राज्यले सम्बोधन नगरिदिंदा राजस्व सङ्कलनदेखि दैनिक सयौं सेवाग्राही नराम्ररी सेवाबाट वञ्चित भएका छन् ।

## चाडपर्वलक्षित गरी घरेलु मदिरा उत्पादनमा वृद्धि

प्रमोद यादव, रङ्गपुर, २४ असोज/

चाडपर्व शुरू भएसँगै पर्साका ग्रामीण क्षेत्रमा घरेलु मदिराको उत्पादन र बिक्री बढेको छ ।

बोतलबन्द मदिरा महँगो भएर सबैको पहुँचमा नहुँदा पर्सा जिल्लामा घरेलु मदिराको माग चाडपर्वमा बढी हुने गरेको छ । अहिले ठाउँपिच्छे घरेलु मदिराको माग बढेको र उत्पादन पनि सोहीअनुरूप वृद्धि भएको छ ।

घरेलु मदिरा उत्पादनका लागि पर्सा जिल्लाका झबराहा, बडनिहार (तामाङटोल), मनवा–भटनी, दोहरी, रङपुरटाँडी, थरुहटी, भाथा, पटेर्वा थारुटोल, शङ्करसरैया, सुवर्णपुर, विजयबस्ती, ठोरी, महादेवपट्टिलगायत ठाउँ चर्चित छन् ।

यहाँ उत्पादित घरेलु मदिरा सेढवा, सुवर्णपुर, ठोरी, विजयबस्ती, पाँडेपुर, देउरिया, निचुटा, श्रीपुर पंचगावाँ, रङपुरटाँडी, बेलवा, महुवन,



जानकीटोला, डोकैला बहुअरी, बडनिहार, मनवा, जीतपुरसिमरा, वीरगंज लगायतका क्षेत्रमा पुऱ्याउने गरिन्छ ।

अहिले पर्साका ग्रामीण क्षेत्रमा घरेलु मदिरा सेवनकर्ताहरू पनि बढेका छन् । अबेर रातिसम्म भट्टीमा मदिरासेवन गराइन्छ । यसलाई सुरक्षाकर्मी र जनप्रतिनिधिहरूले नियन्त्रण गर्न सकेका छैनन् ।

सशस्त्र र जनपद प्रहरीले घरेलु मदिरा नियन्त्रणाका लागि जनप्रतिनिधिहरूको साथ र सहयोग आवश्यक भएको बताएका छन् । जनप्रतिनिधिहरूले भने नियन्त्रणको काम प्रहरीको भएको बताएका छन् ।

## डेयरी उद्योगले दूध नलिएपछि नयाँ किसानहरूलाई समस्या

प्रस, पर्सागढी, २४ असोज/

पर्सागढी नगरपालिकामा रहेका दुईवटा डेयरी उद्योगले नयाँ किसानहरूबाट दूध नलिएपछि उनीहरूलाई मर्का परेको छ ।

पर्सागढी नगरपालिकामा अन्नपूर्ण दूध उत्पादक सहकारी संस्था र सुनाखरी डेयरी गरी दुईवटा दूध सङ्कलन केन्द्र छन् । यिनीहरूले यस क्षेत्रका किसानहरूको दूध सङ्कलन गर्ने र बाहिर पठाउने गर्दै आएका छन् ।

पछिल्लो समयमा दूधको माग घटेको र उत्पादन बढेको कारण दुवै संस्थाले नयाँ किसानबाट दूध नलिएका हुन्। दूधको उत्पादन असोज महीनामा बढी हुने गर्छ । यो महीनामा गाईभैंसीले बढी ब्याउने भएकाले दूधको उत्पादन बढी हुने गरेको किसानहरू बताउँछन् ।

अन्नपूर्ण दूध उत्पादक सहकारी संस्थाका अध्यक्ष जगन्नाथ तिवारीले पुरानै किसानहरूसँग भएको सम्झौता अनुसार दूध सङ्कलन गर्न नसकेको हुँदा नयाँ किसानबाट दूध लिन नसकेको बताए। उनले बाराको डुमरवाना, सिमरा, चितवनका डेयरी उद्योगहरूमा पर्सागढीबाट सङ्कलित दूध पठाउने गरेको र उनीहरूले नै अहिले दूधको माग घटाएकाले समस्या भएको बताएका छन् ।

यसअघि दैनिक तीन हजार लिटर दूध ती संस्थाहरूले लैजाने गरेका तर हालका दिनमा एकाध दिन बिराएर सङ्कलित दूध लगिरहेको उनले बताए । अध्यक्ष तिवारीले पुराना किसानहरूसँग गरिएको सम्झौताको पालना गर्दै आएको र नयाँसँग सम्झौता गर्न नसकिएको बताए। उनको डेयरी उद्योगमा १७ सय दूध उत्पादक किसान आबद्ध छन्। अहिले एक दर्जनभन्दा बढी किसान दूध लिन





तस्वीरः प्रतीक

आग्रह गर्न आएका तर उनीहरूको आग्रहलाई स्वीकार्न नसकिएको अध्यक्ष तिवारीले बताए ।

अन्नपूर्णसरहकै समस्या सुनाखरी डेयरीका सचिव दीपेश नेपालले व्यक्त गरे। उनले क्षमताभन्दा बढी दूध सङ्कलन भइरहेको बताए। दूध मात्रै सङ्कलन गर्नु बहादुरी नभएको भन्दै उनले सोको भुक्तानी समयमा नगर्दा किसानहरूलाई नै समस्या हुने हुँदा क्षमता अनुसार कारोबार गरिरहेको बताए ।

नयाँ दूध उत्पादक किसानमध्ये पर्सागढी नपा–४ का अलिअख्तर सिद्धिकीले ऋण लिएर भैंसीपालन गरेको तर दूध बिक्री नहुँदा समस्या भएको बताए। उनले लघुवित्तबाट ऋण लिएर भैंसीपालन गरेको तर अहिले नयाँ किसान भनेर पर्सागढीका दुवै डेयरी उद्योगले दूध नलिएपछि समस्या भएको बताए ।

आफूजस्तै थुप्रै नयाँ किसानहरू डेयरीमा दूध दिनबाट वञ्चित भएको उनले बताए ।

## ८३ वर्षीय तीर्थमानले गरे एक करोड मूल्यको जग्गादान

प्रस, निजगढ, २४ असोज/

निजगढ नगरपालिका–९ क्याम्पस सडकका ८३ वर्षीय तीर्थमान लामाले एक करोडभन्दा बढी मूल्यको जग्गा दान गरेका छन् ।

निजगढ नगरपालिका वडा नं ९ वडा कार्यालय भवन निर्माणका लागि जग्गा दान गर्न वडा कार्यालयले दुईपटक सूचना सार्वजनिक गरेपछि पछिल्लोपटक लामाले आफ्नो जमीन निश्शुल्क उपलब्ध गराउन लिखित मन्जुर दिएपछि बुधवार सिमरास्थित मालपोत कार्यालयमा उनले दुई कट्ठा जमीन निजगढ वडा नं ९ वडा कार्यालयको नाममा पास गरिदिए।

जग्गादाता लामाको सोही वडामा रहेको साबिक ११७ नम्बर कित्ताको तीन कट्ठा १७ धुरमध्येबाट वडा कार्यालय निर्माणका लागि कित्ता नं ८८० मा दुई कट्ठा जमीन पास भएको हो। सो जमीन पास गर्नका लागि जग्गादाता लामासहित उनका दुई छोरा केशरबहादुर लामा, लाक्पा लामा र वडा कार्यालयतर्फबाट वडाध्यक्ष रामचन्द्रप्रसाद कटुवाल, वडा सदस्यहरू बबिता श्रेष्ठ, इन्द्रकुमारी सुनुवार, चित्रप्रसाद चौलागाईं सहभागी थिए ।

वडा कार्यालयसम्म सहजरूपमा पुग्नका लागि जग्गादाताका छोरा केशरबहादुर लामा, लाक्पा लामा र छिमेकी संधियार राजु केसीले समेत आफ्नो स्वामिकत्वमा रहेको जमीन निश्शुल्क उपलब्ध गराउने सहमति भएपछि २० फिटे बाटो दिने शर्तमा कबुलियतनामा गरिसकेको वडाध्यक्ष कटुवालले बताए ।



वडा कार्यालयको नाममा जग्गा दान गरेपछि वडाध्यक्ष, सदस्य, आफ्ना दुई छोरासहित सामुहिक तस्वीर खिचाउँदै जग्गा दाता तिर्थमान लामा। तस्वीरः प्रतीक

हामीले पहिलोपटक २०७९ सालमा सूचना सार्वजनिक गरे पनि पहिलो सहमति हुन नसकेपछि दुई साताअघि पुनः दोस्रोपटक सूचना सार्वजनिक गरेपछि

(बाँकी पाँचौं पातामा)

**विचारसार एवं सूक्तिहरू**

**यदि शान्ति चाहिन्छ भने न्यायको लागि काम गर।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# निर्माणमा भ्रष्टाचार

**वीरगंज–ठोरी हुलाकी सडक अन्तर्गत भर्खर निर्माण सम्पन्न भएको तिलावे पुलको एप्रोज सडक भासिएको छ। विङवाललाई नै क्षति पुऱ्याउने गरी भासिएर भत्किएको सडक सवारीसाधनको लागि जोखिम बनेको छ। हुलाकी सडक अन्तर्गत तिलावे पुलमा मात्रै होइन, वीरगंजदेखि ठोरीसम्म ६० किलोमिटरको दूरीमा ६० ठाउँभन्दा बढी सडक भत्किसकेको छ। कालोपत्रे उप्किएको छ, कतै सडक भासिएको छ, कतिपय स्थानमा सडक चिरा परेका छन् भने अधिकांश पुलमा खाल्डो परेका छन्। सडक निर्माण सम्पन्न भएको छैन, जीर्ण हुने क्रम शुरू भइसक्यो। सडक निर्माणको गति 'हिंड्दै छ पाइला मेट्दै छ' हुने हो भने कहिल्यै पनि निर्माण सम्पन्न हुन सक्दैन। राष्ट्रिय गौरवको योजना हुलाकी सडकको यो गति छ भने अन्य योजनाको के गति होला। निर्माणको क्रममा गुणस्तरहीनताको कारण यो अवस्था आएको हो।**

**भ्रष्टाचार हाम्रो मुलुकमा ठूलो समस्या बन्दै गएको छ। भ्रष्टाचारकै कारण देशको विकासको गति पछि धकेलिएको देखिन्छ। जबसम्म देशमा भ्रष्टाचारको अन्त्य हुँदैन, तबसम्म जनताले अपेक्षा गरेअनुरूप विकासले गति लिन सक्दैन। सुशासन कायम गर्नका लागि पनि भ्रष्टाचारको अन्त्य अनिवार्य छ। हरेक सरकारले भ्रष्टाचारको अन्त्य गर्ने प्रतिबद्धता जनाउँछ तर व्यवहारमा भने त्यसको उल्टो हुँदै गएको पाइन्छ। देशमा भ्रष्टाचार नियन्त्रण गर्नका लागि विभिन्न निकायहरू र संवैधानिक अङ्गको व्यवस्था पनि नगरिएको भने होइन। सडक निर्माणको क्रममा पनि त्यसको अनुगमन तथा गुणस्तर नियन्त्रण गर्ने अधिकार प्राप्त निकायहरू छन्। तर त्यस्ता निकाय तथा अधिकारीले प्राप्त अधिकारलाई नगद भजाउने चेकको रूपमा प्रयोग गरिरहेका छन्। 'जो रक्षक उही भक्षक' बनिरहेका छन्। जसले भ्रष्टाचार नियन्त्रण गर्ने हो, त्यही भ्रष्टाचार हुन्छ भने कसरी भ्रष्टाचार नियन्त्रण भएर सुशासन कायम गर्न सकिन्छ ? भ्रष्टाचार हटाउने उद्देश्यले गठित अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, सम्पत्ति शुद्धीकरण आयोग, राष्ट्रिय अनुसन्धान केन्द्रलगायतका निकायहरू निर्माण क्षेत्रमा हुने भ्रष्टाचार न्यूनीकरण गर्न असफल छन् भन्ने कुरा पर्सामा निर्मित हुलाकी सडकको दुरवस्थाले पुष्टि गर्छ। भ्रष्टाचार तथा अनियमिततामा जोसुकै दोषी देखिए पनि कानून अनुसार कडा कारबाही गरी भ्रष्टाचारीलाई निरुत्साहित गर्नुपर्ने हो, तर त्यसो भएको देखिँदैन।**

**विकास निर्माणका कामहरू कमिशनविना एक पाइला अगाडि बढ्दैन। पालिकादेखि सङ्घ सरकारसम्म अब यो खुलेआमजस्तै भइसकेको छ। कमिशनको कारण काम कतिसम्म गुणस्तरहीन हुन्छ भन्ने उदाहरण बन्दा बन्दैको पुल भत्कन्छ। सडक पिच गरेको भोलिपल्टै उप्कन्छ। ढल निर्माण गरेको २४सैं घण्टा नबित्दै ढल जाम भएर बाटो अवरुद्ध हुन्छ। ठेक्काको कार्य सम्पन्न गर्ने भनिएको समयभन्दा दोब्बर समय थप गर्दा पनि सम्पन्न हुँदैन। समयसँगै लागत बढ्न गई चर्को खर्च बेहोनुपर्ने समस्या त छँदैछ, ठूला ठेकेदारहरूको पहुँच सरकारको उच्च तहसम्म हुने भएकाले समयमा काम नसकाउने र समय थप्दै जाने प्रवृत्ति बढेर गएको छ। शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत्, सडकलगायत सर्वत्र भ्रष्टाचार व्याप्त छ। [redacted] ल्यमा लिने र झन्डै आधा रकम [redacted] त्तिले गर्दा न त काम टिकाउ [redacted] कार्य सम्पन्न हुन्छ। देशमा ठूलो [redacted] था बदलियो, तर प्रवृत्तिमा परिवर्तन [redacted] भएपछि व्यवस्थाले मात्रै के नै हुने [redacted]**

# दृष्टि र दृष्टिकोण *(सन्दर्भ : विश्व दृष्टि दिवस)*


स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com


**दृष्टिमा विकार जन्मजात पनि हुन सक्छ। जन्मजात विकारलाई पनि धेरै हदसम्म वैज्ञानिक तरीकाले उपचार गरेर निको बनाउन सकिन्छ। सबै किसिमको जन्मजात दृष्टिदोषको उपचार गर्न नसकिएला तर दृष्टिदोषको उपचार अब धेरै हदसम्म सम्भव भइरहेको छ।**

आजभोलि दृष्टिदोषसम्बन्धी समस्या ह्वात्तै बढेको छ। अभिधा दृष्टिदोष होस् वा व्यञ्जना दृष्टिदोष होस्, दुवैमा निकै वृद्धि भएको छ। अहिले मोबाइलको लत लागेको छ मानिसमा, यसले छिट्टै आँखामा चश्मा चढाइदिन्छ। यो आंशिक सत्य हो। मोबाइलको दुरूपयोग गर्ने क्षमता नभएको परिवारमा पनि कतिपय बालबालिकाको आँखामा चश्माले राज गरिरहेको देख्न सकिन्छ। अन्यान्य कारणले पनि दृष्टिदोषसम्बन्धी समस्या बढेको हुनुपर्छ। यहाँ यो कुरो पनि स्वीकार्य छ कि चश्मा लगाउने सबै आँखा रोगी नै हुन्छ भन्ने होइन। कहिलेकाहीं अनुहारको रौनक बढाउन पनि चश्मा लगाइएको हुन्छ। आजभोलि विवाह गर्न जाने दुलहाले चश्मा नलगाइहुँदैन। जुन दुलहाको आँखामा चश्मा हुँदैन, उसलाई शृङ्गार कम भएको मानिन थालिएको छ, जबकि यो संस्कृति पछिल्लो दशकमा मौलाएको हो। पहिले युवाहरू चश्मा लगाउन डराउँथे, किनभने दृष्टिदोषको आलोचनात्नात्मक मनोविज्ञान विद्यमान थियो तर आजभोलि यो दृष्टिकोण फेरिएको छ। अर्को दृष्टिकोण पनि थपिएको छ, चश्माले आँखाको सुरक्षा गर्छ। यसले गर्दा पनि धेरै मानिस आफ्नो अनुहार सुहाउँदो र आँखालाई पायकपर्दो चश्मा आँखा सुसज्जित पार्छन्। कतिपय अवस्थामा इन्फेक्शन वा हावाबाट बचाउका लागि, धुलो कसिङ्गर पर्नुबाट आँखा जोगाउन चश्मा प्रयोग गरिन्छ। रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्न नै नदिनु बुद्धिमानी देखाउने यो दृष्टिकोण पक्कै वैज्ञानिक हो। आँखा सुरक्षित छ र त संसार देखिन्छ। हरेक मानिस आफ्नो आँखाप्रति संवेदनशील हुनुपर्छ भन्ने कुरा सर्वथा जायज हो।

उसो त मानिसमा दुई किसिमको आँखा हुने कुरा शास्त्रहरूले स्वीकार गरेका छन्। दुई किसिमका आँखामध्ये पहिलो बाह्य र दोस्रो आन्तरिक। बाह्य आँखालाई चर्मचक्षु र आन्तरिक आँखालाई ज्ञानचक्षु मान्ने गरिएको छ। चर्मचक्षु अर्थात् बाह्य आँखाले दुनियाँ देख्छ भने ज्ञानचक्षुले दुनियाँभित्र रहेको रहस्य देख्छ। दुवैको महत्त्व आफ्नो ठाउँमा उत्कृष्ट छ। दुवै महत्त्वपूर्ण छन्। इतिहास तथा शास्त्रहरूको अध्ययन गर्दा चर्मचक्षु नहुनेमा पनि ज्ञानचक्षु रहेको पाइन्छ। यस्ता धेरै उदाहरण पाइन्छ, जहाँ निकै ठूला विद्वानले चर्मचक्षुभन्दा ज्ञानचक्षुले आफूलाई परिचित गराएका छन्। भक्त सन्त सुरदासको नाम विश्वप्रसिद्ध छ। उनको बाह्यनेत्र अर्थात् चर्मचक्षु नभए पनि ज्ञानचक्षु यति शक्तिशाली थियो कि उनले देखेको सत्य अकाट्य हुन्थ्यो। यसैले उनी अमर बने। महाभारतका एक पात्र दृष्टिविहीन थिए। उनलाई दुई किसिमले दृष्टिविहीन भनेर आलोचना गरिन्छ। धृतराष्ट्र दृष्टिविहीन थिए तर निकै बुद्धिमान थिए। यद्यपि आफ्नो बुद्धिको उपयोग आफ्नो छोराको हकमा गरे, यसैले आलोचकहरूले उनलाई ज्ञानान्ध भनेका छन् अर्थात् उनलाई बाह्यनेत्र र आन्तरिक दृष्टि; अर्थात् दृष्टि र दृष्टिकोण दुवैबाट विहीन भएको आरोप लगाएका छन्। पौराणिक पात्र श्रवणकुमारका मातापिताको पनि चर्मचक्षु थिएन, तर निकै ज्ञानी–सन्न्यासी थिए। पुराण र शास्त्रमा मात्र नभई वर्तमान समाजमा पनि यस्ता कतिपय पात्र छन् जसको बाह्यनेत्रले काम गर्दैन तर उनीहरू निकै प्रतिभावान् छन्। चर्मचक्षु र ज्ञानचक्षु फरक हुने माथिका उदाहरणहरूबाट प्रस्ट हुन्छ।

उमेर बढ्दै गएपछि आँखा कमजोर हुँदै जान्छ भनिन्छ। यो आँखा कमजोर हुँदै जानु भनेको आँखा दुब्लाउँछ भनिएको होइन। आँखा दुब्लाउँदैन। मानिस दुब्लाउँदा आँखाको गेंडी धसेर भित्र जाने हो। आँखा कमजोर हुनुलाई शाब्दिक अर्थमा कसैले नबुझेर लाक्षणिक अर्थमा बुझेको पाइन्छ। यसको लाक्षणिक अर्थ दृष्टि कमजोर हुनु हो भन्ने कुरो सामान्यतया सबैले बुझ्छन्। यसभन्दा फरक कसैको दिमाग कमजोर छ वा कसैको दिमाग बिग्रेको छ भन्ने हो भने अर्थ कहाँबाट कहाँ पुग्छ। यसलाई त पागल भएको वा मति बिग्रेको अर्थमा ग्रहण गरिन्छ। हो, हाम्रो समाजले पहिलेदेखि नै धेरै प्रकारले अर्थ ग्रहण गर्ने गरेको पाइन्छ। तर दृष्टिकोण कमजोर छ भनिँदैन। बरु दृष्टिदोष छ भनिन्छ। दृष्टिदोषमा फेरि दुवै कुरा आउँछन् – देखाइमा दोष तथा बुझाइमा दोष। कुरा गराइ वा भाव प्रवाहमा अभिव्यक्त हुने सन्दर्भ अनुसार दृष्टिदोषको अर्थ लगाउन सकिन्छ। यहाँ बुझाइमा दोष भन्नुको तात्पर्य दृष्टिकोणलाई नै दोष दिनु हो। आफूभन्दा अरूको विचार फरक हुन गएको बेला दृष्टिदोषको शिकार भएको आरोप लगाउने चलन छ। तर के मानिन्छ भने समाजको लागि दृष्टिदोषभन्दा दृष्टिकोण दोष बढी हानिकारक हुन्छ। दृष्टिदोषले व्यक्तिलाई हानि गर्छ भने दृष्टिकोणको दोषले व्यक्ति र समाज दुवैलाई हानि पुऱ्याउँछ। सामान्य अवस्थामा दृष्टिमा दोष छ भने सच्याउन सकिन्छ तर दृष्टिकोणमा दोष भएमा सच्याउन नसकिने होइन, तर त्यतिन्जेल नोक्सान पुगिसक्छ।

अध्ययन, अनुसन्धान, भ्रमण तथा विद्वत्जनका वाणीको श्रवण, भोगाइ तथा अनुभूतिले दृष्टिकोणमा परिवर्तन आउन सक्छ। दृष्टिकोणमा परिवर्तन हुन समय लाग्छ। कुनै कुराको धारणा बनाइसकेपछि त्यसलाई अभिव्यक्त गर्ने वा त्यसलाई फरक किसिमले अभिव्यक्त गर्ने वा आफ्नो स्वार्थ अनुकूल व्याख्या गर्ने भन्ने कुरा व्यक्तिमाथि निर्भर हुन्छ। यसकारण दृष्टिकोणलाई मौलिक सम्पत्ति मानिन्छ। मौलिक भन्नाले मानिसले आर्जन गरेको, कतैबाट स्वाभाविकरूपमा प्राप्त हुने होइन। जसरी मानिसले सामान्यतया जन्मसँगै दृष्टि पाएको हुन्छ त्यसरी दृष्टिकोण पनि प्राप्त गरेको हुन्छ र दृष्टिकोण प्रायः सुषुप्तावस्थामा हुन्छ। पर्यावरण नपाउँदासम्म यो स्फुटित हुन पाउँदैन। प्राप्त दृष्टिकोणको दुरुपयोग गर्नेलाई दृष्टिदोष अन्तर्गत नै राखिएको पाइन्छ। यस किसिमका मानिसहरू सरल हुँदैनन् अर्थात् दृष्टिकोण आन्तरिक तत्त्व हो र यसले सम्बन्धित व्यक्तिलाई तत्त्व देखाएको हुन्छ तर आफ्नो अनुकूल व्याख्या गर्न सक्ने खूबी भएकोले फाइदा हुने अवस्थामा आफूलाई थाहा नभएको, थाहा नपाएको वा अन्जान रहेको वा दृष्टिदोष भएको भन्ने भान पार्न वा भ्रम छर्न सक्छ। तर सामान्य दृष्टिदोष अर्थात् आँखामा कुनै समस्या छ भने कसैले यस्तो भ्रम पार्ने प्रयास गर्न सक्दैन। तुलनात्मक रूपमा निकै सोझो हुन्छ। र, कतिपय अवस्थामा दृष्टिकोण अस्पष्ट पनि हुन सक्छ। अधिकांश मानिस दृष्टिकोण अस्पष्ट अवस्थामा अरूको लहलहैमा लागेका हुन्छन्। दृष्टिकोण नै अस्पष्ट हुनेको अगाडि जीवनको उद्देश्य पनि स्पष्ट हुँदैन, लक्ष्य स्पष्ट हुँदैन, बाटो स्पष्ट हुँदैन। यस्तो व्यक्ति बढी चञ्चल हुन्छ र आफूलाई वास्तवमा चिन्न नसक्ने हुन्छ।

दृष्टि र दृष्टिकोण दुवैमा विकार आउँछ। दृष्टिमा विकार जन्मजात पनि हुन सक्छ। जन्मजात विकारलाई पनि धेरै हदसम्म वैज्ञानिक तरीकाले उपचार गरेर निको बनाउन सकिन्छ। सबै किसिमको जन्मजात दृष्टिदोषको उपचार गर्न नसकिएला तर दृष्टिदोषको उपचार अब धेरै हदसम्म सम्भव भइरहेको छ। कतिपय अवस्थामा आँखामा अन्य कारणले दृष्टिदोष आउने गरेको छ। दृष्टिदोषलाई परम्परागत भाषामा अन्धोपन वा अन्धोपना भनिन्छ। वास्तवमा यस किसिमको शब्द प्रयोग गरिनु उचित होइन। दृष्टिदोष कुनै दुर्घटनामा परेर, निकै तीव्र गतिमा बाइक कुदाउँदा आँखामा खुला हावा लाग्दा वा यससित कुनै पदार्थ आँखामा पर्दा, कतिपय कीराले आँखामा आक्रमण गर्दा तथा कुनै रसायन वा रासायनिक पदार्थ आँखामा पर्दा पनि दृष्टिदोष हुन सक्छ। गलत चश्माको प्रयोग, अत्यधिक मोबाइल हेर्ने बानी, अत्यधिक प्रकाश वा किरण तथा अन्य कारणले पनि दृष्टिदोष देखिन सक्छ। विभिन्न कडा प्रकारको औषधिको सेवनले पनि आँखामा असर पुऱ्याउने गरेको पढ्न पाइन्छ। यसरी आँखामा समस्या आउन सक्ने अन्य कारण पनि हुन सक्छ। सम्भव भएसम्म आँखालाई धेरै घाम तथा धेरै चीसो र धेरै पानीबाट पनि जोगाउनुपर्छ। प्रत्येक व्यक्तिले आफ्नो आँखाको हेरचाह गर्नुपर्छ। हरेक व्यक्तिलाई आफ्नो आँखामा समस्या आइरहेको थाहा हुन्छ। कतिपय अवस्था वा रोगमा शुरूमा थाहा नहुन पनि सक्छ। यसै कारण आँखामा कुनै समस्या आउन थालेको अनुभूति हुनेबित्तिकै परीक्षण गराइहाल्नुपर्छ। विश्वसनीय ठाउँमा जाँच गराउनुपर्छ। आँखा परीक्षण नगराई जथाभावी औषधि हाल्नुहुँदैन।

आँखालाई धेरै संवदेनशील अङ्ग मानिन्छ। आँखाले नै संसार देखाउँछ। आँखा हुनेलाई आँखा रहुन्जेल यो सत्य अनुभूति हुन्छ कि आँखा छैन भने संसार छैन। आँखा भएन भने संसार अँध्यारो हुन्छ। तसर्थ आँखाको संवेदनशीलतामा ध्यान दिनैपर्छ। सम्भव भएसम्म आँखा चिकित्सकबाहेक अरूलाई आँखा देखाउनुहुँदैन। आजभोलि आँखाको उपचार तथा आँखा जाँच्ने सुविधा विस्तार सरल र सहज बन्दै गएको छ।

# सहकारीमा बचतको सीमा २५ लाख हुने व्यवस्था हटाइयो

काठमाडौं, २४ असोज/रासस

सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ मार्फत सहकारी ऐन २०७४ मा संशोधन गरेर व्यक्तिगत बचतको सीमा तोक्ने गरी राखिएको व्यवस्था हटाइएको छ।

सङ्घीय संसद् प्रतिनिधिसभा अन्तर्गतको कानून, न्याय तथा मानव अधिकार समितिको बुधवारको बैठकले विधेयकमाथि छलफल गर्दै उक्त दफा हटाउने निर्णय गरेको सभापति विमला सुवेदीले जानकारी दिइन्। त्यस्तै, सीमानाकाभन्दा तीन किलोमिटर दूरीभित्र बनेका क्यासिनो तीन वर्षभित्रमा पाँच किलोमिटर दूरी बाहिर सारिसक्नुपर्ने तथा नयाँ बन्ने क्यासिनोका लागि सीमावर्ती क्षेत्रभन्दा पाँच किलोमिटर बाहिर मात्र बन्न सक्ने गरी इजाजत दिने व्यवस्था विधेयकमा राखिएको उनले बताइन्।




समितिद्वारा गठित उपसमितिले दिएको प्रतिवेदनमाथि आजको बैठकमा छलफल भएको थियो। ठूलो पूँजी भएका बचत तथा ऋण सहकारी संस्थालाई नेपाल राष्ट्र बैंकले नियमन गर्नेगरी विधेयकमा राखिएको व्यवस्थालाई पनि कानून समितिले केही संशोधन गरेको छ।

विधेयकको मस्यौदामा 'रु २५ करोडभन्दा बढी शेयर पूँजी भएका वा वार्षिक रु ५० करोडभन्दा बढीको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सहकारीसम्बन्धी प्रचलित कानूनको समेत अधिकार प्रयोग गरी नियमन, निरीक्षण तथा सुपरीवेक्षणको काम नेपाल राष्ट्र बैंकले गर्नेछ' भनी व्यवस्था गरिएको थियो। त्यसलाई संशोधन गरेर 'रु ५०

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

# हालसम्म ३८ हजार ५९ जना डेङ्गुबाट सङ्क्रमित

काठमाडौं, २४ असोज/रासस

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सन् २०२३ को सेप्टेम्बरसम्म डेङ्गुबाट सङ्क्रमित हुनेको सङ्ख्या ३८ हजार ५९ जना पुगेको जनाएको छ।



डेङ्गु सङ्क्रमण रोक्न फगिङ गर्दै । तस्वीरः फाइल

मन्त्रालय अन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले सार्वजनिक गरेको तथ्याङ्क अनुसार हालसम्म ७६ जिल्लाका ३८ हजार ५९ जना डेङ्गुबाट सङ्क्रमित रहेका र २० जनाले ज्यान गुमाएका छन् ।

महाशाखाका निर्देशक डा रुद्र मरासिनीले डेङ्गुको सङ्क्रमण कायमै रहेको र जतिबेला पनि महामारी फैलन सक्ने भन्दै सचेत रहन आग्रह गरेका छन्। हालसम्म कुल सङ्क्रमित सङ्ख्यामा प्रदेश अनुसार सबैभन्दा धेरै कोशी प्रदेशमा २३ हजार ९०५ जना (६२ दशमलव आठ प्रतिशत) सङ्क्रमित भएका छन् भने सबैभन्दा कम सङ्क्रमित प्रदेश कर्णाली १२८ जना (शून्य दशमलव तीन प्रतिशत) छन् ।

त्यस्तै, मधेस प्रदेशमा ५९० जना (एक दशमलव छ), बाग्मती प्रदेशमा चार हजार ८८३ जना (१२ दशमलव आठ प्रतिशत), गण्डकी प्रदेशमा छ हजार ८१८ जना (१७ दशमलव नौ प्रतिशत), लुम्बिनी प्रदेशमा ६५५ जना (एक दशमलव सात प्रतिशत) र सुदूरपश्चिम प्रदेशमा एक हजार ८० जना (दुई दशमलव आठ प्रतिशत)मा सङ्क्रमण देखिएको छ ।

जिल्लागत हिसाबले सबैभन्दा धेरै क्रमशः सुनसरी जिल्लामा १६ हजार ९६ जना (४२ दशमलव तीन प्रतिशत) सङ्क्रमित भएका छन् । तनहुँमा चार हजार ५५१ जना (१२ दशमलव दुई प्रतिशत), झापामा तीन हजार ५८१ जना (नौ दशमलव चार प्रतिशत), धादिङमा तीन हजार १३० जना (आठ दशमलव दुई प्रतिशत), मोरङमा दुई हजार २७४ जना (छ प्रतिशत), कास्की जिल्लामा एक हजार ४८१ जना (तीन दशमलव नौ प्रतिशत) र काठमाडौंमा ८०२ जना (दुई दशमलव एक प्रतिशत) सङ्क्रमित भएका छन् भने अन्य जिल्लामा छ हजार ४४ जना (१५ दशमलव नौ प्रतिशत) डेङ्गुबाट सङ्क्रमित भएका छन् ।

कुल डेङ्गु सङ्क्रमित सङ्ख्यामा अगस्तमा मात्र सङ्क्रमित सङ्ख्या १३ हजार ८४६ जना पुगेको थियो । सेप्टेम्बरमा ११ हजार ५८० जना र अक्टोबर ११ सम्म चार हजार ७९० जना सङ्क्रमित भएका छन् ।

गत वर्ष अक्टोबर महीनामा १७ हजार ८८९ जनामा डेङ्गु सङ्क्रमण देखिएको थियो । डेङ्गु रोग डेङ्गु भाइरसबाट सङ्क्रमित एडिज जातका लामखुट्टेको टोकाइबाट सर्छ ।

महाशाखाले एडिज जातका लामखुट्टे पानी जम्मा भएको जुनसुकै भाँडोमा पनि हुर्कनाले लामखुट्टेले फुल पार्न सक्ने सम्भावित घर र विद्यालयभित्र र वरपरका पानी जम्ने सबै ठाउँ र पानी राख्ने भाँडा खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौंलगायतका डेङ्गु नियन्त्रणका सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

# एक वर्षदेखि रोकिएको सम्परीक्षण शुरू

काठमाडौं, २४ असोज/रासस

पछिल्लो एक वर्षदेखि रोकिएको सम्परीक्षण प्रक्रिया शुरू भएको छ। सङ्घीय संसद् प्रतिनिधिसभा अन्तर्गतको सार्वजनिक लेखा समितिले बुधवार बेरुजू सम्परीक्षण सम्बन्धमा मुख्यसचिव, सङ्घीय संसद्का महासचिव, कार्यवाहक महालेखापरीक्षक र विभिन्न मन्त्रालयका कर्मचारीसँग छलफल गरेको छ ।




तस्वीरः फाइल

महालेखापरीक्षकको ६०औं वार्षिक प्रतिवेदनले औंल्याएका बेरुजू फछ्र्योटका लागि सम्परीक्षणको प्रक्रिया शुरू गरिएको लेखा समिति सभापति ऋषिकेश पोखरेलले जानकारी दिए ।

सम्परीक्षण भन्नाले आन्तरिक वा अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजूको सम्बन्धमा पेश हुन आएका स्पष्टीकरण वा प्रतिक्रिया साथ संलग्न प्रमाण र कागजातको आधारमा गरिने फछ्र्योटसम्बन्धी काम हो । सार्वजनिक लेखा समितिबाट प्राप्त सुझाव तथा निर्देशनका आधारमा गरिने बेरुजू फछ्र्योटसमेत सम्परीक्षण हो ।

सम्परीक्षणका लागि बेरुजूको अद्यावधिक विवरण पेश गर्न विषयगत मन्त्रालयलाई पत्र पठाइएकोमा त्यसको जवाफ तत्काल पेश गर्न लेखा समितिको आजको बैठकले निर्देशन दिएको छ । "सम्परीक्षणको कार्य प्रारम्भ गर्नका लागि २०८० भदौ १९ गते सबै मन्त्रालय तथा निकायलाई बेरुजूको जवाफ समितिमा पठाउनका लागि समितिबाट पत्रसमेत पठाइएको र हालसम्म कतिपय निकायबाट बेरुजूको जवाफ नआएकाले तत्काल उपलब्ध गराउन निर्देशन दिइन्छ," सभापति पोखरेलले भने ।

असुलउपर गर्नुपर्ने वा तिर्नु बुझाउनुपर्ने बेरुजूको लगत कार्यालय र केन्द्रीय स्तरमा राख्नुपर्ने व्यवस्था छ । सोही अनुसार समितिले बेरुजूको अद्यावधिक लगत उपलब्ध गराउन निर्देशन दिएको हो ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७, ३८, ३९ र ४० बमोजिम सम्बन्धित लेखा उत्तरदायी अधिकृतले बेरुजू फछ्र्योट तथा फरफारक गर्नुपर्ने हुन्छ। त्यसरी फरफारक हुन नसकेका बेरुजूहरू महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा समावेश भएपश्चात् सार्वजनिक लेखा समितिमा छलफल गरिन्छ । तर आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७, ३८, ३९ र ४० बमोजिम बेरुजू फछ्र्योटको काम भए–नभएको जवाफ पेश गर्न पनि समितिले निर्देशन दिएको छ ।

त्यस्तै, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन अनुसार असुलउपर गर्नुपर्ने रकम केन्द्रीय तहसिल कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। उक्त कानूनी व्यवस्था अनुसार असुलउपर गर्न केन्द्रीय तहसिल कार्यालयमा पठाउन र सोको जानकारी समितिलाई उपलब्ध गराउन पनि निर्देशन दिइएको छ ।

पूँजीगत खर्च बढाउन र वर्षान्तमा बढी खर्च हुने प्रवृत्तिको अन्त्य गर्नका लागि पनि समितिले सरकारलाई निर्देशन

(बाँकी पाँचौं पातामा)

# चाडपर्वमा प्लास्टिकका फूल र माला बिक्रीमा रोक

भरतपुर (चितवन), २४ असोज/रासस

चितवनको रत्ननगर नगरपालिकाले दशैं, तिहार, छठजस्ता पर्वमा प्लास्टिकजन्य फूलमाला र गुच्छाको बिक्री वितरणमा रोक लगाएको छ । नगरपालिकाले एक सूचना जारी गर्दै तिहार र छठलगायत पर्वमा प्लास्टिकजन्य फूलमाला तथा अन्य सामग्रीको प्रयोग नगर्न भनेको हो ।



तस्वीरः फाइल

नगरप्रमुख प्रह्लाद सापकोटाले प्लास्टिकजन्य फूल तथा सामग्रीको प्रयोग गर्दा वातावरण प्रदूषण हुने भएकोले त्यसको प्रयोगमा रोक लगाइएको बताए। उनले नगरभित्र नै किसानले धेरै मात्रामा फूल लगाएकाले उक्त फूल पूजापाठका लागि राम्रो हुने भन्दै प्लास्टिकजन्य फूल प्रयोग नगर्न आग्रह गरे ।

"बजारमा प्रशस्त प्लास्टिकजन्य फूलका सामग्री हुन्छन्," सापकोटाले भने, "किसानले उत्पादन गरेका फूलले बजार पाएका छैनन् । पालिकाले गरेको यस निर्णयले नगरभित्र उत्पादित फूलले बजार पाउने आशा छ।" प्लास्टिकजन्य फूल तथा मालाको प्रयोग गरेको वा बिक्री वितरण गरेको पाइएमा कानूनबमोजिम कारबाई गर्ने नगरपालिकाले जनाएको छ ।

# नेपालीको शव ल्याउन आज राति विमान इजरायल जाने

काठमाडौं, २४ असोज/रासस

इजरायलबाट १० जना नेपालीको शव ल्याउन बुधवार राति ११ बजे नेपाल एयरलाइन्सको विमान त्यसतर्फ जाने भएको छ ।




तस्वीरः फाइल

नेपाल एयरलाइन्सको जहाज आज राति ११ बजे उड्ने र दुबई ट्रान्जिट हुँदै इजरायल पुग्ने परराष्ट्रमन्त्री नारायणप्रकाश साउदका प्रमुख स्वकीय सचिव दीपक जोशीले जानकारी दिए । यही असोज २० गते इजरायलको दक्षिण क्षेत्र किबुज अलुमिम भन्ने स्थानमा प्यालेस्टाइनी लडाकू समूह हमासको आक्रमणमा परी 'लर्न एन्ड अर्न' कार्यक्रम अन्तर्गत इजरायल गएका १० जना नेपाली विद्यार्थीको निधन भएको थियो ।

यसैगरी, आक्रमणमा परेर सम्पर्कविहीन भएका कञ्चनपुर महेन्द्रनगरका विपिन जोशीको खोजी जारी छ । इजरायलस्थित नेपाली दूतावासले आक्रमणपछि सकुशल अवस्थामा उद्धार गरिएका विपिनसँगै बस्दै आएका एक विद्यार्थीमार्फत विभिन्न अस्पतालमा खोजी गरिरहेको जनाएको छ ।

दूतावासले बुधवार बिहान परराष्ट्र मन्त्रालयलाई अस्पतालहरूमा खोजी गर्दा विपिन फेला नपरेका र खोजीका लागि इजरायली प्रहरीको सहयोग मागिएको जानकारी गराएको छ ।

# गैरीगाउँ हत्या प्रकरण : रायसहितको प्रतिवेदन बुझाइयो

काठमाडौं, २४ असोज/रासस

काठमाडौं महानगरपालिका–३२ तीनकुनेस्थित गैरीगाउँमा रहेको दिव्य समिलमा गत भदौ २९ गते राति भएको चारजनाको हत्या प्रकरणको अनुसन्धान सकिएको छ ।

अनुसन्धान सकेर प्रहरीले रायसहितको प्रतिवेदन जिल्ला सरकारी वकीलको कार्यालयमा बुझाएको छ । व्यक्तिगत प्रतिशोध (रिसिबी)का कारण हत्या भएको भनिएको उक्त प्रकरणमा प्रहरीले विविध प्रविधि परीक्षण गरेर अनुसन्धान प्रतिवेदन बुझाएको हो ।

"प्रहरीले हत्या आरोपमा एकजना सञ्जय भण्डारीलाई पक्राउ गरेको छ। उनी फरक क्षमता (बोल्न नसक्ने) भएकाले प्रहरीले दोभासेमार्फत बयान लिएको थियो"–जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी उपरीक्षक कुमोध ढुङ्गेलले भने। बयानका क्रममा सञ्जयले अन्य व्यक्तिको पनि हत्या गरेको स्वीकार गरेको उनले बताए । अनुसन्धानका क्रममा प्रहरीले 'ब्रेन म्यापिङ' (दिमागी अवस्था परीक्षण) गरेको प्रहरी उपरीक्षक ढुङ्गेलले जानकारी दिए ।

सरकारी वकिलको कार्यालयका प्रमुख सहन्यायाधिवक्ता अच्युतमणि नेउपानेले प्रतिवेदन आइपुगेको र कार्यालयले अध्ययन गरिरहेको जानकारी दिए। अध्ययनपछि अभियोजन दर्ता हुने उनको भनाइ थियो । "प्रहरीले भने उनलाई जन्म कैदको सजाय माग दाबी लिनुपर्ने रायसहितको प्रतिवेदन बुझाएको छ"–उनले भने ।

आरोपीले रिसिइबी साधेर एक व्यक्तिको हत्या गरेको र उक्त घटना भएको देखेपछि घटना बाहिर जान नदिन

(बाँकी पाँचौं पातामा)

# साहका परिवारलाई मधेस प्रदेश सरकारले राहतस्वरूप पाँच लाख दिने

जनकपुरधाम, २४ असोज/रासस

मधेस प्रदेश सरकारले इजरायलमा आतङ्ककारी सङ्गठन हमासको आक्रमणमा परी ज्यान गुमाउन पुगेका धनुषाको लक्ष्मीनिया गाउँपालिका–४ सपहीका २२ वर्षीय आनन्द साहको परिवारलाई रु पाँच लाख राहतस्वरूप दिने भएको छ।

मुख्यमन्त्री सरोजकुमार यादवले मङ्गलवार साँझ एक शोक वक्तव्यमार्फत मृतक परिवारमा समवेदना व्यक्त गर्दै पीडित साह परिवारलाई प्रदेश सरकारको तर्फबाट सो राहत प्रदान गरिने जानकारी दिए । मुख्यमन्त्री यादवले आक्रमणमा परी ज्यान गुमाएका १० नेपाली युवाप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै युद्धमा सामेल नभएका निहत्था र निर्दोष व्यक्तिमाथि आक्रमण हुनु हमासको संवेदनहीन र अमानवीय कृत्य हो भनी भत्सर्ना गरे ।



भीख माग्ने बालबालिकाका कारण घण्टाघर, माईस्थान, आदर्शनगरका बटुवाहरू हैरान हुने गरेका छन् । बालबालिकाहरूले जबरजस्ती खुट्टाहात समाएर भीख माग्ने गर्छन् । जसले गर्दा बटुवा र चियापसलमा बस्ने ग्राहकहरू दिक्क हुन्छन् । फोटो खिच्ने क्रममा मुख लुकाउँदै दुईजना बालक । तस्वीरः नितेश कर्ण

# नेप्से परिसूचकमा सामान्य अङ्कको सुधार

काठमाडौं, २४ असोज/रासस

यो सातामा कारोबारको लगातार तीन दिनसम्म घटेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा बुधवार चौथौ दिन भने सामान्य अङ्कको सुधार देखिएको छ। आज नेप्से परिसूचक पाँच दशमलव १६ अङ्कले बढेर एक हजार ८९४ दशमलव ७६ बिन्दुमा कायम भएको छ ।




विभिन्न २८६ कम्पनीका ३७ लाख ३३ हजार ५२४ कित्ता शेयर ५५ हजार १९७ पटक खरीद–बिक्री हुँदा रु एक अर्ब आठ करोड ८५ लाख ४७ हजार ९८० बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

आजको कारोबारमा उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव १३, निर्जीवन बीमा समूह शून्य दशमलव ०६ र व्यापार समूह शून्य दशमलव १३ प्रतिशतले घटेका छन् । अरू सबै समूहका उपसूचक बढेका छन् । सबैभन्दा म्युचुअल फन्ड एक दशमलव ०७ प्रतिशतले बढेको छ ।

१३७ कम्पनीका शेयर मूल्य बढेका छन् । सबैभन्दा धेरै सिटी होटल लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै घट्नेमा भने सानिमा जिआइसी इन्स्योरेन्स लिमिटेडको शेयर मूल्य चार दशमलव २१ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै मान्डु हाइड्रोपावर लिमिटेडको रु चार करोड ८० लाख ९० हजार ८१६ बराबरको किनबेच भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा आज सबैभन्दा धेरै हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेडको एक लाख ६६ हजार ७२९ कित्ता शेयर किनबेच भएका छन् ।

# काभ्रेमा ८४९ सहकारी ‘अज्ञात अवस्थामा’ : प्रतिवेदन

काभ्रेपलाञ्चोक, २४ असोज/रासस

काभ्रेपलाञ्चोकमा ८४९ सहकारीको अवस्था ‘अज्ञात’ रहेको एक प्रतिवेदनले देखाएको छ । दर्ता भएका १,४९५ सहकारीमध्ये जिल्लामा १३ स्थानीय तहमा ६४६ वटामात्रै सञ्चालनमा रहेको अनुगमनबाट पाइएको जिल्ला सहकारी सङ्घले जनाएको छ ।

बनेपा नगरपालिका बनेपामा सञ्चालित सहकारीको अनुगमन प्रतिवेदन बुझाउने क्रममा सङ्घका अध्यक्ष दिलीप शर्मा जङ्गमले काभ्रेमा क्रियाशील सहकारीमा ६,७९,८१८ सेयर सदस्य रहेको तथ्याङ्क फेला परेको बताए । उनले उक्त प्रतिवेदन मङ्गलवार नगरप्रमुख शान्तिरत्न शाक्यलाई हस्तान्तरण गरेका थिए ।

यसबाट जिल्लाको जनसङ्ख्या ३,६४,०३९ भन्दा करीब ३,१५,००० सेयर सदस्य बढी देखिएको अध्यक्ष जङ्गमले बताए । उनका अनुसार क्रियाशील सहकारीमा ५,७८२ जना सञ्चालक छन् भने २,६५५ कर्मचारी कार्यरत छन् ।

यस्तै सञ्चालनमा आएका सहकारीमा रु पाँच अर्ब पाँच करोडको सेयरपूँजी रहेको छ भने रु ३६ अर्बको बचत कारोबार रहेको अनुगमनले देखाएको सङ्घले जनायो । उक्त कारोबारबाट सरकारका विभिन्न निकायमा वार्षिक रु २४ करोड ९१ लाख राजस्व बुझाइएको अध्ययनले देखाएको छ । पछिल्ला केही वर्षदेखि सहकारीमा देखिएको विकृति, विसङ्गति सुधार गर्न तथा सहकारीमा पारदर्शिता कायम गर्न अनुगमन गरिएको जङ्गमले बताए ।

प्रतिवेदनमा सबैभन्दा बढी जिल्लाको प्रमुख शहर बनेपामा रहेका २२० सहकारीमध्ये १२३ क्रियाशील रहेको उल्लेख गरिएको छ । ती सहकारीमा ३,१८,७३८ सेयर सदस्य छन् । बनेपाको जनसङ्ख्या ६७ हजारमात्रै देखिन्छ । कुल सहकारी तथा सेयर सदस्यमध्ये बनेपामा मात्रै आधा रहेको पाइएको जनाइएको छ । बनेपामा रु दुई अर्ब सेयरपूँजी र १९ अर्ब बचत कारोबार रहेको प्रतिवेदनमा उल्लेख छ ।

दैनिकजसो सहकारी भाग्ने र सहकारीमा बचत गरिरहेका सेयर सदस्यको बचत रकम फिर्ता गर्न नसकेको गुनासो दर्ता हुन थालेपछि बनेपा नगरले जिल्ला सहकारी सङ्घमार्फत नगरभित्रका सहकारीको वास्तविक अवस्थाबारे जानकारी लिन गरेको अनुगमनमा दर्ता भएकामध्ये ७७ वटा सहकारी संस्था बितेको चार महीनाको अवधिमा बेपत्ता भएको पाइएको सङ्घले जनायो ।

प्रतिवेदनमा केही सहकारीले कारोबार सुधार गर्न नसकेको बताएका छन् भने केही सहकारीमा २० वर्षसम्म एउटै अध्यक्ष, परिवारका सदस्य सञ्चालक र कर्मचारी, विनियम फरक–फरक, विनियममा केरमेट, विनियमविना सञ्चालन भएकोजस्ता समस्या देखिएको उल्लेख गरिएको छ । यस्तै कार्यक्षेत्रभन्दा बाहिर सदस्य र कारोबार गरेकोजस्ता समस्या पनि सहकारीमा देखिएकोले तत्काल नगरपालिकाले त्यस्ता सहकारीलाई नियमन गर्न विज्ञहरूको समूहले प्रतिवेदनमार्फत सुझाव दिएको हो । हाल बनेपाका केही सहकारीविरुद्ध जिल्ला प्रहरी कार्यालयमा ठगी मुद्दा दर्ता भएका छन् ।

डिभिजन सहकारी कार्यालयका अनुसार बनेपामा १४ वटा सहकारी एकीकृत भएका छन् भने १९ वटा सहकारी प्रदेश अर्न्तगतका छन् । चौसठ्ठीवटा सहकारीका कुनै कार्यालय र बोर्डसमेत नभएको र छवटा सहकारीले नियामक निकायमा प्रतिवेदन नबुझाएका जनाइएको छ । बनेपाको तीन सहकारीले नगरको अनुगमन टोलीलाई अनुगमन गर्न नदिएको सङ्घका अध्यक्ष जङ्गमले गुनासो गरे ।

उक्त कार्यक्रममा जिल्ला समन्वय समिति प्रमुख दीपककुमार गौतमले हालको अवस्थामा सहकारीलाई नियमन गर्ने निकाय सक्रिय रहनुपर्ने आवश्यकता औंल्याउँदै बचतकर्ताको रकम जोखिममा पारेर भागेका सहकारीका सञ्चालकलाई नियमतः कारबाई गरी बचत फिर्ता गर्नुपर्ने बताए । बनेपा नगरप्रमुख शाक्यले नगरपालिकाभित्र भएका सबै सहकारीको वास्तविक तथ्याङ्कसहितको अवस्था प्राप्त भएकोले तत्काल यसको नियमन तथा सुधारका लागि योजना बनाउने बताए ।

नगर उपप्रमुख विमला सापकोटाले नगरले शुरू गरेको सहकारीहरूको वास्तविक अवस्था अध्ययन गरी बचतकर्ताको बचत सुरक्षित बनाउन तथा ऋण तिर्ने वातावरण बनाउन समन्वयकारी भूमिका खेल्ने बताइन् । उनका अनुसार अनधिकृतरूपमा सञ्चालित केही सहकारीको सम्पत्ति नगरमार्फत रोक्का गरिएको छ ।

# एमालेको विकल्प नभएको नेता ओलीको दाबी

जनकपुरधाम, २४ असोज/रासस

नेकपा (एमाले) अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले सामाजिक सुरक्षा र देश विकासका लागि एमालेको विकल्प कोही हुन नसक्ने दाबी गरेका छन् ।



नेपाल कम्युनिस्ट पार्टी (एमाले) मधेस प्रदेशको जनकपुरधाममा बुधवार आयोजित प्रथम अधिवेशनको उद्घाटन गर्दै अध्यक्ष केपी शर्मा ओली, वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, महासचिव शङ्कर पोखरेललगायत । तस्बिरः रासस

नेकपा एमाले मधेस प्रदेशको प्रथम अधिवेशनलाई जनकपुरधाममा उद्घाटन गर्दै अध्यक्ष ओलीले आफ्नो पार्टीले शुरू गरेको सामाजिक सुरक्षा नीतिले नै असहाय, ज्येष्ठ नागरिक, घरबारविहीन नेपालीले राज्य भएको अनुभूति गर्न पाएको दाबीसमेत गरे ।

“एमालेले नै कमजोर, असहाय, ज्येष्ठ नागरिक, सडकमा जीवन बिताउने नागरिकदेखि बालिकाको आत्मसम्मानका लागि सहुलियतको अभियान अगाडि बढाएको हो । एमालेले नै विकासका लागि सडक, बाटोघाटो, स्वास्थ्य, शिक्षा, उद्यमशीलतालगायत विकासको जग बसाल्दै देशलाई रेल युगमा प्रवेश गराएको हो,” अध्यक्ष ओलीले भने ।

नेता ओलीले विसं २०७४ को चुनावपछिका तीन वर्ष आफू नेतृत्वको सरकारले गरेका कामको गति देखेर धेरैलाई जलन भएको आरोप लगाए ।

देशको विकासका लागि आगामी चुनावमा वडा तहदेखि नै पार्टीको कम्तीमा ५१ प्रतिशत सिटका लागि अहिलेदेखि नै एकताबद्ध भएर लाग्न आम नेता तथा कार्यकर्तालाई उनले आग्रह गरे ।

पार्टीका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले मधेसको भाग्य र भविष्यसँग जोडिएको हुलाकी राजमार्ग, कृषि सिंचाइलगायत विकासका पूर्वाधार बनाउन एमाले नेतृत्व अपरिहार्य भएको बताए । उनले ‘समृद्ध नेपाल सुखी नेपाली’को सपना सबै तहमा पार्टीको सरकार भएमा मात्रै सम्भव हुने भन्दै सबै एकताबद्ध भएर पार्टी सङ्गठन बलियो बनाउनेतर्फ लाग्न अपील गरे ।

महासचिव शङ्कर पोखरेलले मधेस केन्द्रित पार्टीले सरकारको नेतृत्व गरे पनि समृद्धिको नेतृत्व गर्न नसकेको आरोप लगाउँदै प्रदेशको विकासका लागि एमालेको विकल्प नरहेको दाबी गरे । उनले पार्टी अध्यक्ष ओली नेतृत्वको सरकारले मधेसको विकासका लागि शुरू गरेको अभियानलाई पूर्णता दिन प्रदेश र सङ्घमा पनि एमालेकै सरकार आवश्यक भएको बताए ।

पार्टी सचिव एवं मधेस प्रदेश इन्चार्ज योगेश भट्टराई, अर्का सचिव रघुवीर महासेठ, नेत्री जुलीकुमारी महतोलगायतले सङ्गठनका विविध पक्षबारे मन्तव्य व्यक्त गरेका थिए ।

## सुन तस्करी : राहुलसहित चारजनाविरुद्ध मुद्दा

काठमाडौं, २४ असोज/रासस

विद्युतीय चुरोट (भेप)मा लुकाएर सुन तस्करी गरेको आरोपमा पूर्वसभामुख कृष्णबहादुर महराका छोरा राहुल (रेशमबहादुर)सहित चारजनाविरुद्ध बुधवार काठमाडौं जिल्ला अदालतमा मुद्दा दर्ता भएको छ ।

सङ्गठित अपराध, भन्सार छलीलगायत कसूर गरेको आरोपमा निजविरुद्ध मुद्दा दायर गरिएको जिल्ला सरकारी वकील कार्यालयका प्रमुख, सहन्यायाधिवक्ता अच्युतमणि न्यौपानेले बताए ।

उक्त कसूर गरेको आरोपमा राहुलसहित काठमाडौंका लोकेन्द्रकुमार पौडेल, कपुरधारा बस्ने बेल्जियमका नागरिक दावा छिरिङ, काठमाडौंको बौद्धका नीमा गुरुङविरुद्ध अभियोजन दर्ता भएको सहन्यायाधिवक्ता न्यौपानेले बताए । अभियुक्त नीमा हाल फरार छन् भने दावा ६१ किलो सुन तस्करीका आरोपीसमेत हुन् । अघिल्लो वर्ष २०७९ पुस १० गते दुबईबाट भेपमा लुकाएर करीब नौ किलो सुन तस्करी भएको थियो ।




इजरायलमा मारिएका नेपालीहरूप्रति श्रद्धाञ्जलि एवं दीप प्रज्वलन गरी दिवङ्गत आत्माको चिरशान्तिको कामना गरिएको छ भने घाइते भएकाहरूको स्वास्थ्यलाभ र उपचारमा नेपाल सरकारले तदारूकता देखाउनुपर्ने माग गरिएको छ । स्वदेशमा नै उच्च शिक्षा, रोजगारलगायत युवा जनशक्ति स्वदेशमा नै बस्न पाउने वातावरण सिर्जना गर्न आग्रह गरिएको छ । सो कार्यक्रम युथ अफ निजगढले आयोजना गरेको थियो । तस्वीरः जीतलाल श्रेष्ठ

## फरक समाचार

# इजरायलकी लेडी फाइटरको अहिले सर्वत्र चर्चा

गत शनिवार हमासले इजरायलमाथि थुप्रै रकेट प्रहार गऱ्यो । त्यस क्रममा हमासका लडाकूहरू इजरायली सीमा पार गरी नजीकैका बस्तीहरूमा पसेर भीषण गोलाबारी र मेशीनगनले आक्रमण गरिरहँदा एकजना इजरायली महिला घरघर पुगेर व्यक्तिहरूलाई हतियार दिंदै थिइन् । उनले अनुमान लगाइसकेकी थिइन् कि अब के हुन्छ ?



गाजापट्टी क्षेत्रको किबुत्जनिर एम गाउँमा हमासका आतङ्कवादीहरूले केही बिगार्न सकेनन्, जति पनि आतङ्कवादी सो गाउँमा पस्ने प्रयास गरे सबैलाई गोली हानी मारियो । यो काम ती नारीको सुझबुझको कारण भएको थियो । इनबल राबिन लिबरमैन नामक महिलाले अन्य व्यक्तिहरूसँग मिलेर गाउँमा प्रवेश गर्ने २५ जना आतङ्कवादीलाई मारेका थिइन् । अहिले इजरायलमा यस महिलाको बहादुरीको चर्चा भइरहेको छ ।

७ अक्टुबरको बिहान इनबलले अनुमान लगाइन्, इजरायलमाथि हमला भएको छ र अब आतङ्कवादीको अघिल्लो निशाना उनको गाउँ हुन सक्छ । त्यसपछि उनी घरघर पुगेर व्यक्तिसँग मिलेर रैपिड रेस्पोन्स टीम तयार गर्दै हतियार बाँडिन् । निर्दोष नागरिकको हत्या गर्न जब आतङ्कवादी उनको गाउँनजीक पुगे, तब गाउँलेहरूले फायरिङ गरी २५ जना आतङ्कवादीलाई मारिदिए । त्यस कारण आतङ्कवादीहरू त्यस गाउँमा छिर्ने साहस गरेनन् ।

२५ वर्षीया इनबलको बहादुरीका कारण गाजापट्टीमा यो एकमात्र यस्तो गाउँ हो, जुन हमासका आतङ्कवादीहरूले कब्जा गर्न सकेका छैनन् । इनबलले गाउँको सुरक्षा कसरी गर्ने सबै योजना बनाएकी छन् । उनी किबुत्जनिर एम गाउँको सुरक्षा प्रमुख पनि हुन् । उनले प्रहरी, सुरक्षा बल र गाउँलेसँग सम्बन्ध स्थापित कार्य गर्दैछिन् । उनलाई गत वर्ष डिसेम्बरमा यस गाउँमा नियुक्त गरिएको थियो ।

आतङ्कवादीको सफाया गरेपछि आइडिएफको टीमले गाउँलाई खाली गराएको छ, अब इनबल तेल अबीबको एउटा होटलमा छिन् । ९ अक्टुबरका दिन उनले जन्मदिन मनाइन् । यहाँका मेयर रोन हुल्दाईले उनलाई शुभकामना दिएका छन् । सामाजिक सञ्जालमा पनि इनबलको प्रशंसा भइरहेको छ । इजरायलको विदेश मन्त्रालयले पनि उनको प्रशंसा गरेको छ ।

# यस्ता व्यक्तिमा हुन्छ आत्महत्या गर्ने प्रवृत्ति

बिरामी नभएका व्यक्तिको तुलनामा मधुमेहलगायत पुरानो रोगबाट पीडित अथवा हालै ठूलो शल्यक्रिया गराएका व्यक्तिमा आत्महत्या गर्ने ४० प्रतिशत सम्भावना बढी हुने गरेको छ । शोधमा विशेषज्ञले भनेका छन्, पुरानो रोगबाट पीडित वा ठूलो शल्यक्रिया गराएपछि स्वस्थ भइरहेका रोगीको अचानक मृत्युको सम्भावित मानसिक रोगबाट सम्बन्ध हुन्छ र यस्ता रोगीले मर्नुभन्दा पहिले सङ्केत दिन्छन् ।



केजिएमयुमा मनोचिकित्सा विभागका वरिष्ठ सङ्काय सदस्य डा आदर्श त्रिपाठी भन्छन्– यदि तपाईंले यी सङ्केत पहिचान गर्न सक्नुहुन्छ भने मृत्युलाई टाल्न सकिन्छ । उनले भने, मानसिक समस्या महसूस गर्ने रोगीहरू ओपिडीमा आउने गर्छन् र उनीहरूलाई हामीले रेफर गर्छौं ।

केजिएमयुका मनोचिकित्सक डा देवाशीष शुक्ला भन्छन्– सातामा कमसेकम एक वा दुईजना रोगी अस्पतालको ओपिडीमा आउँछन् । उनीहरू परिणामबारे सोध्छन् । हामी उनीहरूको डरको पछाडिको कारण पहिचान गर्न र उनीहरूलाई उपचारको लागि प्रेरित गर्छौं ।

डा त्रिपाठीले भने– पुरानो रोगले व्यक्तिलाई भविष्यको जीवनबारे आशङ्कित पार्छ । डिप्रेशनको जैविक कारण पनि हुन्छ । चिकित्सकीयरूपमा उच्च शर्कराको साथ शरीरले एउटा सेलुलर टक्सिन छोड्छ, जसले लामो समयसम्म अन्य महत्त्वपूर्ण अङ्गको साथसाथै मस्तिष्कमा पनि प्रतिकूल प्रभाव पारेको हुन्छ । यो टक्सिन मानसिक बिमारीको कारण बन्छ ।

उनले भने– मानसिक विकार बढीजसो पीडा उत्पन्न गर्ने रोग वा बिमारीसँग सम्बन्धित हुन्छ, जसमा उच्च मृत्युदरको सूचना पाइन्छ । उदाहरणको लागि क्यान्सर । चिकित्सा विज्ञानमा प्रगतिको बावजूद मानिस सोच्छ कि अब यो अन्त्य हो । चाँडै पत्ता लगाउँदा र उपचारबाट जीवित रहने दर बढ्छ तर थुप्रै मामिलामा औषधिको रूपमा उपयोग गरिने टक्सिनले कोशिकालाई प्रभावित गर्छ । रोगीहरूलाई बिर्सिने रोग पनि लाग्न सक्छ ।

हेल्थसिटी अस्पतालका निर्देशक एवं सर्जन डा सन्दीप कपूर भन्छन्– पुरानो बिमारीमध्ये एउटा गठिया पनि हो । जब कुनै रोग लामो समयसम्म रहन्छ, रोगीले रोगको बेवास्ता गर्छ र अत्यधिक पीडाको कारण कोठाभित्र हिंडडुल गर्न पनि सक्दैन, त्यस्ता व्यक्ति प्रायः जीवनबारे नकारात्मक सोच्ने गर्छ । मानसिक रोगको अर्को कारण दुर्घटनासँग सम्बन्धित छ, जब रोगीलाई ठूलो चोट लाग्छ तब उसको जीवन बदलिन्छ । यदि पिठ्युँको पछाडिको भागमा हुने पीडाबाट पीडित हुन्छन्, तब दुर्घटनाभन्दा पहिले अँगालेको दिनचर्या छोड्छन् यसको नकारात्मक प्रभाव पर्छ ।

डा आदर्श त्रिपाठी भन्छन्– अवसादका रोगीको सबैभन्दा पहिले सङ्केत व्यवहारमा परिवर्तन हुन्छ । उनीहरू सामाजिक जीवनबाट टाढा हुन्छन् । वस्तुलाई बढी भावनात्मक तरीकाले व्यक्त गर्न थाल्छन् । परिवारको साथ दैनिक जीवनमा आफ्नो भागीदारी कम गर्न सक्छन् वा वस्तुमाथि अत्यधिक प्रतिक्रिया दिन थाल्छन् । – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## चीनमा तीन वर्षदेखि थुनामा रहेकी पत्रकार अस्ट्रेलिया फर्किन्


पत्रकार चेङ लि । तस्वीरः एपी

क्यानबेरा, अस्ट्रेलिया, २४ असोज/एपी

जासुस गरेको आरोपमा दोषी ठहर भई चीनमा तीन वर्ष थुनामा रहेकी चिनियाँ मूलकी एक अस्ट्रेलियाली पत्रकार अस्ट्रेलिया फर्केको अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले बुधवार बताएका छन् ।

उनका अनुसार पत्रकार चेङ लिसँग आफ्ना दुई सन्तानसँग मेलबोर्नमा पुनर्मिलन भएको छ ।

४८ वर्षीया चेङ चीनको सरकारी प्रसारक सिसिटिभीको अन्तर्राष्ट्रिय विभागमा काम गर्थिइन् ।

"उनको मुद्दा चीनमा कानूनी प्रक्रियाबाट टुङ्गिएको थियो," प्रधानमन्त्री अल्बानिजले पत्रकारहरूसँग भने । पत्रकार चेङको फिर्ती अल्बानिजको यो वर्ष नियोजित बेइजिङ भ्रमणअघि भएको छ। यद्यपि प्रधानमन्त्री अल्बानिजको बेइजिङ भ्रमणको मिति टुङ्गो लागिसकेको छैन ।

अल्बानिजको सरकारले सन् २०१९ देखि चीनमा थुनिएका चिनियाँ मूलका अस्ट्रेलियाली नागरिक याङ हेङ्जनको रिहाइका लागि लबिङ गरिरहेको छ । रासस

## इजरायलमा मृत्यु हुनेको सङ्ख्या १२ सय पुग्यो –सेना

जेरुसेलम, २४ असोज/एएफपी

इजरायल–हमास द्वन्द्वमा एक हजार दुई सयभन्दा बढी इजरायलीको मृत्यु भएको इजरायलको प्रतिरक्षा फौज (आइडिएफ)का प्रवक्ताले बुधवार बताएका छन् । यो सङ्ख्या यसअघि बताइएको एक हजारभन्दा बढी हो ।

"मृत्यु हुनेको सङ्ख्या १,२०० पुगेको छ"–आइडिएफका प्रवक्ता लेफ्टिनेन्ट कर्णेल जोनाथन कन्रिकसले एक भिडियो म्यासेजमा भने । उनले मारिनेहरूमा अधिकांश सर्वसाधारण रहेको जानकारी दिए ।

यसैबीच, इजरायलले गाजापट्टीमा रातभर गरेको हवाई हमलामा कम्तीमा ३० जनाको मृत्यु भएको र सयौं घाइते भएका हमास सरकारका एक अधिकारीले बुधवार बताएका छन् ।

हमास सरकारको सञ्चार कार्यालयका प्रमुख सलमा मरुफले इजरायली हमलामा दर्जनौं आवासीय भवन, कारखाना, मस्जिद र पसल प्रभावित भएको एएफपीलाई जानकारी दिइन् ।

इजरायली सेनाले रातको समयमा हमासका थुप्रै लक्ष्यमा आक्रमण गरेको पुष्टि गरेको छ ।

**इजराइल–हमास द्वन्द्वमा टर्कीएद्वारा मध्यस्थताको प्रस्ताव**

अङ्कारा/एएनआई

टर्कीएका राष्ट्रपति रेसेप तय्यप एर्डोगानले हमास–इजराइल द्वन्द्वको मध्यस्थताका लागि प्रस्ताव गरेका छन् । उनले यसका लागि आफ्नो कूटनीतिक प्रयासलाई निरन्तरता दिने बताएको टर्कीएमा रहेको अनाडोलु समाचार समितिले जनाएको छ ।

"यदि दुवै पक्षले अनुरोध गरेको खण्डमा बन्दीहरूको आदानप्रदानसहित कुनै पनि प्रकारका मध्यस्थताको लागि टर्कीए तयार रहेको म बताउन चाहन्छु," एर्डोगानले भने, "हामीले केही समयदेखि कायम राख्दै आएको हाम्रा कूटनीतिक सम्पर्कहरूलाई निरन्तरता दिइरहेका छौं र पछिल्ला दिनमा हामीले यसलाई अझ गति दिएका छौं ।"

आतङ्ककारी समूह हमासले इजरायलमा अप्रत्याशित आक्रमण गरेपछि राष्ट्रपति एर्डोगानको उक्त टिप्पणी आएको हो । हमासको आक्रमणसँगै इजरायललाई युद्धको घोषणा गर्न बाध्य बनाएको थियो ।

युद्ध नैतिक बन्धनको अधीनमा रहेकोमा जोड दिँदै टर्किएका राष्ट्रपतिले भने, "दुवै पक्ष यो नैतिक बन्धनको पालना गर्न बाध्य छन्, हामीले सधैं भनेजस्तो न्यायपूर्ण शान्तिमा कसैले पनि हार्दैन ।"

उनले इजरायललाई प्यालेस्टिनी क्षेत्रहरूमा बम आक्रमण रोक्न र प्यालेस्टिनीहरूलाई इजरायलमा नागरिक बस्तीहरूमा उत्पीडन रोक्न आग्रह गरे । उनले मानवीय विवेक प्रयोग गर्न आग्रह गर्दै यस्तो मध्यम कदमले शान्तिको ढोका खोल्ने बताए ।

"हवाई तथा जमीन आक्रमणबाट गाजाको विनाश, मस्जिदमा बम आक्रमणका साथै अबोध बालबालिका, महिला, वृद्ध र नागरिकहरूको मृत्यु कहिल्यै स्वीकार्य छैन," उनले भने । रासस

## चीनले तेस्रो बेल्ट एन्ड रोड फोरम आयोजना गर्दै

बेइजिङ, २४ असोज/एएफपी

चीनले यही अक्टोबर १७ र १८ मा राजधानी बेइजिङमा तेस्रो बेल्ट एन्ड रोड फोरमको आयोजना गर्ने भएको छ । उक्त कार्यक्रममा धेरै विदेशी नेता सहभागी हुने अपेक्षा गरिएको छ ।

"चिनियाँ राष्ट्रपति सी जिनपिङले फोरमको उद्घाटन समारोहमा मुख्य सम्बोधन गर्नुहुनेछ र फोरममा भाग लिन आउनुभएका विदेशी नेता र अन्तर्राष्ट्रिय सङ्घसंस्थाका प्रमुखहरूका लागि स्वागत भोजको आयोजना गर्नुहुनेछ"–चीनको विदेश मन्त्रालयका प्रवक्ता हुवा चुनयिङले भनिन् ।

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले आगामी हप्ता हुने उक्त कार्यक्रममा आफू सहभागी हुने बताएका छन् । रूसका विदेशमन्त्री सर्गेई लाभरोभ उक्त कार्यक्रममा सहभागी हुने र आफ्ना चिनियाँ समकक्षी वाङ यीसँग वार्ता गर्ने रूसी विदेश मन्त्रालयले मङ्गलवार बताएको छ ।

"बेइजिङ आएर सहयोग योजनाहरूमा छलफल गर्न र साझा विकासको खोजी गर्न हामी बेल्ट एन्ड रोड इनिसिएटिभमा सहभागी हुन आउने मुलुक र साझेदारहरूको स्वागत गर्दछौं"–विदेश मन्त्रालयका प्रवक्ता माओ निङले गत महिना भनेकी थिइन् ।

यो कार्यक्रममार्फत चीनले बेल्ट एन्ड रोड पूर्वाधार पहलको १०औं वार्षिकोत्सव मनाउने छ । चीनले मङ्गलवार श्वेतपत्रमा उसको बेल्ट एन्ड रोड इनिसिएटिभ पूर्वाधार परियोजनाले विश्वभर २० खर्ब अमेरिकी डलरको सम्झौता गरेको बताएको थियो । उक्त रकम विश्वका केही ठूला अर्थतन्त्रको आकार बराबर हो ।

चिनियाँ विदेश मन्त्रालयले उक्त कार्यक्रममा १३० भन्दा बढी मुलुकका प्रतिनिधिहरूले सहभागिता जनाउने बताएको छ । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – कार्यनाश | वृष – वाहनकष्ट |
| मिथुन – राज्यभय | कर्कट – धनहानि |
| सिंह – सुयश | कन्या – अलमल |
| तुला – प्रसन्नता | वृश्चिक – पदोन्नति |
| धनु – मानहानि | मकर – कष्टानुभूति |
| कुम्भ – नारीसुख | मीन – अलमल |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याहृन १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



चुरे संरक्षणमा राज्यको वार्षिक करोडौं लगानी लाग्दैछ । जति लगानी गरे पनि चुरेलाई प्रत्यक्ष वा अप्रत्यक्षरूपमा प्रभाव पार्ने गरी सरकारले उचित ढङ्गले चुरे संरक्षण नीति ल्याउन सकेको छैन । क्रसर उद्योगहरूको लागि मापदण्ड निकै खुकुलो बनाइनु चुरेका लागि दुर्भाग्य हो । आवश्यकताभन्दा बढी नदीजन्य पदार्थ उत्खनन, दोहनले कालान्तरमा चुरे सङ्कटमा पर्नेमा दुईमत नहोला । त्यसैले चुरे संरक्षण नीतिमा बेलैमा सुधार गर्नुपर्ने देखिन्छ । शब्दचित्रः जीतलाल श्रेष्ठ

### गैरीगाउँ हत्या प्रकरण ...

एकै परिवारका अन्य तीनजनाको पनि हत्या गरेको पाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक सोमेन्द्रसिंह राठौरले जानकारी दिए । राठौरको नेतृत्वमा उक्त घटनाको अनुसन्धान समिति बनाइएको थियो ।

भदौ २९ गते राति ११:५५ बजे उक्त घटना भएको थियो ।

काठमाडौं महानगरपालिका–३२ तीनकुने नजीक गैरीगाउँस्थित दिव्य समिलमा कुमार भन्ने पूर्णबहादुर भुजेल, उनकी पत्नी अम्बिका भुजेल, कुमारकी आमा शुभद्रा भुजेल र मोरङ बेलवारी स्थायी घर भएका नवीन भन्ने विशाल राईको हत्या भएको थियो ।

### एक वर्षदेखि रोकिएको ....

दिएको छ ।

हाल सरकारको सम्पत्ति (ऋण, धन, सञ्चित कोष)को अभिलेख अद्यावधिक छैन । यस्ता विषयहरू अद्यावधिक गर्न तथा लेखापरीक्षण हुन नसकेका सार्वजनिक संस्थानको तत्काल लेखापरीक्षण गर्न पनि समितिले निर्देशन दिएको छ ।

### ८३ वर्षीय तीर्थमान ...

गौरीशङ्कर क्याम्पस र वाक्यश्वर महादेव मन्दिरको बीच भागको पूर्वतर्फ कालोपत्र सडकबाट तीन सय मिटरभित्र जग्गा उपलब्ध भएको वडाध्यक्ष कटुवालले जानकारी दिए ।

जग्गादाताले सो जमीन उपलब्ध गराउन राजी भएपछि तीन दिनअघि सोही वडाका समाजसेवी, बुद्धिजीवीसहितले उक्त जमीन स्थलगत हेरी प्राप्त हुने जमीनमा वडा कार्यालय निर्माण कार्य उचित हुने भन्दै निर्णय गरी वडा कार्यालयलाई बुझाएका थिए । हाल वडा कार्यालय भाडामा रहँदै आएको छ ।

### सहकारीमा बचत ...

करोडभन्दा बढी शेयर पूँजी भएको वा सो बराबरको वार्षिक कारोबार गर्ने सहकारी संस्थाको वित्तीय सुशासन तथा जोखिमका आधारमा विभागको अनुरोधमा नेपाल राष्ट्र बैंकले नियमन गर्न सक्ने' राख्नुपर्ने सुझाव समितिले दिएको छ ।

'सम्पत्ति शुद्धीकरण निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९' गत माघमा प्रतिनिधिसभामा दर्ता भएको थियो । गत निर्वाचनपछिको संसद् अधिवेशनमा दर्ता भएको यो पहिलो विधेयक हो । सम्पत्ति शुद्धीकरण निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयकमार्फत विभिन्न २० कानून संशोधन गर्न लागिएको छ ।

उक्त विधेयकमार्फत निकासी पैठारी (नियन्त्रण) ऐन २०१३, पानीजहाज दर्ता ऐन २०२७, मालपोत ऐन २०३४, पर्यटन ऐन २०३५, भवन ऐन २०५५, दामासाहीसम्बन्धी ऐन २०६३, धितोपत्रसम्बन्धी ऐन २०६३, नेपाल राष्ट्र बैंक ऐन २०५८, मानव बेचबिखन तथा ओसारपोसार (नियन्त्रण) ऐन, २०६४ र कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन २०७० मा संशोधन गर्न लागिएको छ ।

त्यस्तै, सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४, पारस्परिक कानूनी सहायता ऐन २०७०, सङ्गठित अपराध निवारण ऐन २०७०, विद्युत् नियमन आयोग ऐन २०७४, सहकारी ऐन २०७४, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ र बीमा ऐन २०७९ मा संशोधन गर्न लागिएको छ । मुलुकी अपराधसंहिता, २०७४ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा पनि विधेयकमार्फत संशोधन हुँदैछ ।


वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय, आदर्शनगर, वीरगंज

**सूचना**

पर्सा जिल्ला, वीरगंज महानगरपालिका वडा नं ७ स्थित चिल्ड्रेन गार्डेन स्कूल, निजी शैक्षिक गुठी, वीरगंज–७, पर्साको विद्यालयको शेयरधनीको नाम श्री सुरेशप्रसाद चौधरी, जीराभवानी गापा–३, पर्सा, आरती गुप्ता, वीरगंज–६, पर्सा, दीपेन्द्रकुमार चौधरी, शहीदनगर नपा–८, धनुषा रहनुभएकोमा बिक्रीनामा गरी शेयरधनी परिवर्तन भई वीरगंज मनपा–१० बस्ने रोशनी श्रीवास्तवको नाममा शेयरधनीको नाम परिवर्तन गर्न माग भइआएकोले माग अनुसारको कार बाई अगाडि बढाउनुपर्ने भएको हुँदा उक्त विद्यालयउपर कुनै व्यक्ति वा संस्थाको कुनै प्रकारको हकदाबी भएमा आवश्यक प्रमाणसहित दाबी गर्नुहुन यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।



वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ को उपनियम (२) सँग सम्बन्धित जीतपुरसिमरा उमनपा–८ बारामा निर्माण भई सञ्चालन हुने नेपाल स्टोनेक्स कम्पनी प्रालिको लागि आवश्यक पर्ने

**प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारीसम्बन्धी सार्वजनिक सूचना**

(प्रथमपटक प्रकाशित मितिः २०८०/०६/२५)

मधेस प्रदेश, बारा जिल्ला, जीतपुरसिमरा उमनपा–८ मा स्थापना भई सञ्चालन हुने नेपाल स्टोनेक्स कम्पनी प्रालिद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावको नामः | श्री नेपाल स्टोनेक्स कम्पनी प्रालिको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी |
| प्रस्तावकको नाम र ठेगानाः | नामः नेपाल स्टोनेक्स कम्पनी प्रालि<br>ठेगानाः जीतपुरसिमरा उमनपा–८, बारा<br>सम्पर्क नं.: ९८५५०२३५०७ |
| प्रस्तावको बेहोराः | जिल्ला बारा जीतपुरसिमरा उमनपा–८ मा भएको नेपाल स्टोनेक्स कम्पनी प्रालिको नाममा दर्ता कायम रहेको जीतपुरसिमरा उमनपा–८ को कित्ता नं १४९२, ५३३, ८७, ६५० र ५२७ गरी जम्मा ५ कित्ताको को कुल क्षेत्रफल २–१२–१९–१० (बि–क–धु–क.) जग्गामा आवश्यक भवन संरचना निर्माण भई नेपाल स्टोनेक्स कम्पनी प्रालि सञ्चालन हुने । |
| प्रभाव पर्न सक्ने जिल्ला र नपाः | बारा जिल्ला, जीतपुरसिमरा उमनप.–८ । |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्छ भनी यकीन गर्न सो स्थानको स्थानीय तह ( नपा/गापा) तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल–स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

**रायसुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| सम्बन्धित वडा कार्यालयको नाम र ठेगानाः | जीतपुरसिमरा उमनपा–८ को वडा कार्यालय, बारा |
| प्रस्तावकको नाम र ठेगानाः | नेपाल स्टोनेक्स कम्पनी प्रालि, जीतपुरसिमरा उमनपा–८, बारा<br>सम्पर्क नं.: ९८५५०२३५०७ |
| परामर्शदाताको नाम र ठेगानाः | सुनरस कन्सल्टेन्सी एन्ड ट्रेडर्स प्रालि, वीरगंज–१६, पर्सा<br>सम्पर्क व्यक्तिः शम्भुप्रसाद चौरसिया, सम्पर्क फोन नं.: ९८५१००६६४३,<br>इमेलः spcc8484@gmail.com |

# बारा प्रहरीद्वारा एक महीनामा पौने तीन करोडको घरेलु मदिरा नष्ट


तस्वीर सौजन्य: जिप्रका, बारा

प्रस, वीरगंज, २४ असोज/

जिल्ला प्रहरी कार्यालय, बाराले एक महीनामा पौने तीन करोड मूल्यबराबरको घरेलु मदिराभट्टी तोडफोड गरेको प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले बताएका छन् ।

उनले असोज २५ गतेदेखि हालसम्म बारा जिल्लाका विभिन्न स्थानमा घरेलु मदिराभट्टी नष्ट गरिएको र सो क्रममा एक लाख ५३ हजार ४५० लिटर कच्चा मदिरा (रु ९२ लाख बराबर), यसैगरी १७ हजार १७० लिटर तयारी मदिरा (रु एक करोड ७१ लाख बराबर) नष्ट गरिएको बताएका छन् ।

उनले यो क्रममा मदिरा बनाउन प्रयोग गरिने १६९ थान ड्रम र १८ वटा मेशीन पनि नियन्त्रणमा लिएको बताए। प्रवक्ता न्यौपानेले एक महीनामा साढे ३४ किलो गाँजासहित पाँचजना पक्राउ परेका र अदालतबाट सजाय भएर फरार सूचीमा रहेका १४ जनालाई पक्राउ गरिएको बताएका छन्। प्रवक्ता न्यौपानेले एक महीनाको अवधिमा पाँच करोड २१ लाख बराबरको भन्सार छलीका सामान, ट्रक नियन्त्रणमा लिएको र सम्बन्धित कार्यालयमा आवश्यक कारबाईको लागि पठाएको बताए। उनले भन्सार छलीका सामानसहित आठजनालाई नियन्त्रणमा लिएको बताए ।

**२३ वटा मदिराभट्टी तोडफोड**

यसैबीच, बारा प्रहरीले हिजो र आज गरि छवटा पालिकाका २३ वटा ठाउँका मदिराभट्टी तोडफोड गरेको छ। प्रवक्ता न्यौपानेले कोल्हवी नगरपालिका–२ माझीटोल र बसनपुरवामा पाँच/पाँच वटा गरि १० वटा, महागढीमाई नपा–७ तेलकुवामा दुई, फेटा गापा–१ दुधौरा खोला, बारागढी गापा–२ दौरवा, जीतपुरसिमरा उपमनपा– ३ रामवन टाँडीमा दुईवटा, वडा नं. १५ डुमरवानामा एक वटा, देउताल गापा–५ पिपराढीमा ५ वटा गरी २३ वटा मदिराभट्टी नष्ट गरिएको बताए ।

उनले साढे पाँच हजार लिटर कच्चा र २४० लिटर तयारी मदिरा नष्ट गरिएको नष्ट गरिएको बताए ।


## बालअधिकारप्रति संवेदनशील बनौं ।

- माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारको सुनिश्चित गरौं, गराऔं ।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावकलगायत सबै संवेदनशील बनौं ।
- बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## सिम्रौनगढ नपाको नगरसभा पुनः स्थगित

प्रस, सिम्रौनगढ, २४ असोज/

बाराको सिम्रौनगढ नगरपालिकामा पूर्वसूचना अनुसार बुधवार भनिएको नगरसभा पुनः स्थगित भएको छ ।

आज ११ बजे शुरू भएको नगरसभा बेलुकी ६ बजेसम्म पनि नटुङ्गिएकोले अर्को सूचना नहुन्जेलसम्मको लागि स्थगित गरिएको छ ।

नगरसभा भइरहेकै बेला बाहिर नगरसभा हेर्न आएका स्थानीयहरूले नगरप्रमुख किशोरीप्रसाद कलवार पक्षका तीनजनालाई हातपात गरेका थिए। कुटाइ खानेमा नगरप्रमुखका स्वकीय पिए विजय साह, सञ्जय यादव र पारस यादव रहेका छन्।

नगरप्रमुख कलवारको अध्यक्षता शुरू भएको नगरसभामा ९० प्रतिशत सदस्यको सहभागिता थियो ।

## पाँच महिलासहित ३२ जनाद्वारा रक्तदान



तस्वीर: प्रतीक

प्रस, वीरगंज, २४ असोज/

हन्ट मिडिया प्रालि, वीरगंजले बुधवार घण्टाघरमा आयोजना गरेको रक्तदान कार्यक्रममा पाँचजना महिलासहित ३२ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताएका छन्।

हरिशङ्कर गुप्ता, कृष्ण कुशवाहा, मनीष महतो, सनम कार्की, रिङ्कु देवी, सङ्गम दाहाल, श्याम चौरसिया, बृजकिशोर प्रसाद, मनोज पटेल, सागर चौधरी, रञ्जु गिरी, सरितादेवी घिमिरे, अन्तिमा कुमारी, राजन मण्डललगायतले रक्तदान गरेको प्राविधिक प्रमुख पाण्डेले बताए ।

# खेलकूदको संसार

## विश्वकप फूटबल छनोटका लागि नेपाली टोलीको घोषणा

काठमाडौं, २४ असोज/रासस

अखिल नेपाल फूटबल सङ्घ (एन्फा)ले फिफा विश्वकप–२०२६ को पहिलो चरण अन्तर्गत लाओसविरुद्ध खेलका लागि बुधवार २३ सदस्यीय नेपाली फूटबल टोलीको घोषणा गरेको छ। नेपाली राष्ट्रिय फूटबल टोलीका मुख्य प्रशिक्षक भिन्सेन्जो अल्बर्टो एनेसेले नयाँ खेलाडी अमृत श्रेष्ठ र सञ्जीव विष्टलाई समेट्दै २३ सदस्यीय टोलीको घोषणा गरेका हुन् ।

प्रशिक्षक एनेसेले लाओसविरुद्धको खेल आफ्नोलागि अवसर भएको बताउँदै टीममा रहेका नयाँ र ऊर्जावान् युवाको सहभागिताले प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गर्ने विश्वास व्यक्त गरे । हिमालयन शेर्पा क्लबका डिफेन्डर अमृत श्रेष्ठ र न्यूरोड टीमका फरवार्ड सञ्जीव विष्ट पहिलोपटक राष्ट्रिय टोलीमा प्रवेश गरेका छन् ।

विश्वकप छनोट अन्तर्गत पहिलो खेलमा नेपालले भोलि लाओससँग खेल्नेछ । त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा हुने उक्त खेल भोलि साँझ ५:३० बजे हुनेछ ।

होम एन्ड अवेका आधारमा हुने उक्त छनोट खेलमा नेपालले लाओससँग दोस्रो खेल यही असोज ३० गते उसकै मैदानमा खेल्नेछ । यस खेलको विजेता टोलीले विश्वकप छनोटको दोस्रो चरणमा स्थान बनाउनेछन् ।

राष्ट्रिय फूटबल टोलीका कप्तान किरण चेम्जोङले लाओसविरुद्धको खेलका लागि आफ्नो टोलीले राम्रो अभ्यास गरेको बताए । छनोट हुने नेपाली टोलीको गोलकीपरमा किरणकुमार लिम्बू, दीप कार्की र अभिषेक बराल छन् । डिफेन्डरमा सनिश श्रेष्ठ, अनन्त तामाङ, आशिष गुरुङ, रोहित चन्द, अञ्जन राई, आशिष चौधरी र अमृत श्रेष्ठ छन् ।

मिडफिल्डरमा एरिक विष्ट, सुदीप गुरुङ, लाकेन लिम्बू, आवास लामिछाने, उत्सव राई, कृतिश रत्न छुन्जु र मनीष डाँगी छन् भने फरवार्डमा अञ्जन विष्ट, आयुष घलान, जिलेस्पेजङ्ग कार्की, दिनेश हेन्जन, हिसुब थपलिया र सञ्जीव विष्ट रहेका छन् ।

## काभा पुरुष भलिबल च्यालेन्ज कप : नेपालद्वारा अफगानिस्तान पराजित

काठमाडौं, २४ असोज/रासस

श्रीलङ्कामा जारी सेन्ट्रल एशियन भलिबल एशोसिएशन (काभा) पुरुष भलिबल च्यालेन्ज कपमा नेपालले अफगानिस्तानलाई पराजित गरेको छ ।



तस्वीर: फाइल

कोलम्बोस्थित सुगाथादास रङ्गशालामा बुधवार भएको खेलमा नेपालले अफगानिस्तानलाई ३–२ सेटमा पराजित गरेको हो ।

अफगानिस्तानसितको आजको खेलमा नेपालले पहिलो सेट २५–१९ अङ्कले आफ्नो पक्षमा पारेको थियो। नेपालले दोस्रो सेट १९–२५ तथा तेस्रो सेट २२–२५ अङ्कले गुमाएको थियो। नेपालले चौथो सेट २५–२१ अङ्कले तथा पाँचौं एवं निर्णायक सेट १५–१० अङ्कले आफ्नो पक्षमा पारेको थियो ।

नेपाल हालसम्म खेलेका तीनमध्ये दुई खेलमा विजयी तथा एउटामा पराजित भएको छ । नेपाल पहिलो खेलमा बङ्गलादेशसित ३–१ सेटले विजयी भएको थियो भने दोस्रो खेलमा श्रीलङ्कासँग ३–० को सोझो सेटमा पराजित भएको थियो।

जारी प्रतियोगितामा अफगानिस्तानको यो पहिलो हार हो । अफगानिस्तानले यसअघि पहिलो खेलमा उज्वेकिस्तानलाई ३–२ तथा दोस्रो खेलमा बङ्गलादेशलाई ३–० को सेटमा पराजित गरेको थियो ।

नेपालले अब शुक्रवार साउदी अरबसित खेल्नेछ । यही असोज २८ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगितामा नेपालसहित अफगानिस्तान, बङ्गलादेश, श्रीलङ्का, साउदी अरब र उज्वेकिस्तान सहभागी छन् ।

## पर्सागढीका कर्मचारीहरू पेनडाउन गरेर आन्दोलनमा

प्रस, पर्सागढी, २४ असोज/

पर्सागढी नगरपालिका कार्यालयका कर्मचारीहरू पेनडाउन गरेर आन्दोलनमा छन् । स्थानीय तह कर्मचारी केन्द्रीय सङ्घर्ष समितिद्वारा जारी दबाबमूलक कार्यक्रममा ऐक्यबद्धता जनाउँदै असोज २२ गतेदेखि कार्यालयका अत्यावश्यक कामबाहेक अन्य सम्पूर्ण सेवा अवरुद्ध गरी अनिश्चितकालीन पेनडाउन गरिएको निमित्त प्रमुख प्रशासकीय अधिकृत जङ्गबहादुर साहले बताएका छन्।



तस्वीर: प्रतीक

स्थानीय तहमा कार्यरत कर्मचारीहरूको हकहित सुनिश्चितताका लागि स्थानीय तहका माग सङ्घीय निजामती विधेयक २०८० मा समावेश गराउनुपर्ने मागसहित जारी आन्दोलनमा पर्सागढी नपा कार्यालयबाट पनि ऐक्यबद्धता जाहेर गरिएको उनले बताए। उनले यसबाट पर्न गएको असुविधाप्रति सेवाग्राहीहरूसँग क्षमा मागेका छन् ।

## जरिवानाविरुद्ध चालकद्वारा प्रदर्शन


तस्वीर: प्रतीक

प्रस, वीरगंज, २४ असोज/

वीरगंज महानगरपालिकाभित्र भाडाका चार चक्के सवारीसाधनका चालकहरूले मङ्गलवार साँझ विरोध प्रदर्शन गरेका छन् ।

विपी उद्यानमा रहेको पर्साका ग्रामीण क्षेत्रमा जाने बसहरूसहितका चार पाङ्ग्रे गाडीहरूबाट सडकमा धूलो हिलो भएको भनेर महानगरले एउटा बसलाई रु पाँच हजार जरिवाना गरेपछि सोको विरोधमा भाडाका सवारीसाधनका चालकहरूले नेपाल टेलिकम क्षेत्रीय कार्यालयअगाडि मुर्लीमा साँझ प्रदर्शन गरेका थिए ।

उनीहरूले पार्किङ गरेको क्षेत्रमा माटो, हिलो भएकोले चक्कामा लागेर सडकमा देखिनु स्वाभाविक हो भन्दै त्यसका लागि सामान्य कमाइ गर्ने बसचालकहरूलाई रु पाँच हजार जरिवाना गर्नु न्यायोचित नभएको भन्दै विरोध प्रदर्शन गरेका थिए ।